www.newsok.com.np @newsok.com.np @newsok_bhw
सम्बृद्ध नेपाल, तपाईंको समाचार, तपाईंको पत्रिका
# न्यूज ओके
NEWS OK NATIONAL WEEKLY




वर्ष-१, अंक-५ | सिद्धार्थनगर, भैरहवा | २०७३ भदौ २ गते बिहीबार (18 Aug, 2016 Thursday) | पृष्ठ-८ | मूल्य : निःशुल्क


ओम् शान्ति भैरहवामा आज रक्षाबन्धन विशेष कार्यक्रम — विविध समाचार २


उत्पादन बढाउँदै अर्घाखाँची सिमेन्ट — अर्थान्तर ३

एभरेष्ट फाइनान्सको १४.५ प्रतिशत बोनस पारित — बैंक वित्त/सहकारी/बजार ६

Moral Boosting Victory For Nepal — English Page ७

# आज जनै पूर्णिमा तथा रक्षा बन्धन

मनोरञ्जन शर्मा
भैरहवा ।

आज श्रावण पूर्णिमा । देशभरी जनै पूर्णिमाका रूपमा मनाइने गरिन्छ । ब्राम्हण क्षेत्री लगायत तागाधारीले आज विशेष रूपमा पुजिएको जनै लगाउने गर्छन् । वर्ष दिन अघि लगाएको जनै आजकै दिन फेरिने गरिने भएकाले आजका दिनलाई जनै पूर्णिमा भनिएको हो । ब्राम्हण क्षेत्री लगायत तागाधारीहरूले जनै पूर्णिमाको दिन बिहानै नजिकको नदी, ताल, खोला लगायतका पवित्र स्थानमा गई विभिन्न वस्तुले स्नान गरी  जनै पुज्ने धार्मिक कार्यमा सहभागी हुन्छन् । विशेष किसिमकले पुजिएको जनै फेर्ने र नाडीमा मन्तरेको डोरो समेत बाँध्ने प्रचलन छ । हातमा बाँधिएको डोरोलाई रक्षा सुतकका रूपमा लिने गरीन्छ । यो रक्षा सुतकको रूपमा रहेको डोरो तिहारमा गाई पुजाको दिन गाईको पुच्छरमा बाँध्ने प्रचलन छ ।

आज हिन्दुहरूको महत्वपुर्ण दिन हो । तराई क्षेत्रमा दिदी बहिनीले आफ्ना दाजु भाईलाई हातमा विशेष किसिमको धागो बानिदिने गर्छन् । यसलाई रक्षा बन्धनका रूपमा लिने गरिन्छ । तराई क्षेत्रमा मात्रै नभई अहिले देशैभर रक्षा बन्धनका रूपमा मनाइने गरिन्छ । दिदी बहीनीले दाजुभाइको दिर्घायूको कामना गरी राखी बाँधिदिने गर्छन् ।

यो लोकप्रिय पर्वको रूपमा रहँदै आएको छ । त्यस्तै गरी नेवार समुदायले आजका दिनलाई क्वाटी पुन्हेका रूपमा मनाउने गर्छन् । विभिन्न किसिमका गेडागुडी मिसाएर पकाउने गरिन्छ र यसलाई क्वाटी भनिने हुँदा श्रावण पूर्णिमालाई नेवार समुदायले क्याटीपुन्हे भन्ने गर्दछन् । जनै पूर्णिमाका दिन मात्रै क्वाटी खाने प्रचलन रहेको छ । जनै पूर्णिमा, रक्षा बन्धन, क्वाटी पुन्हे जे भने पनि श्रावण पूर्णिमा हिन्दुहरूको लागि निकै महत्वपुर्ण दिनका रूपमा रहेको छ । आजका दिन सरकारी बिदा पनि हुने गर्दछ ।

*“एन बद्धु बलि राजा दानबिन्द्रो महावल*
*तेन त्वं बध नामी रक्षे मा चल मा चल”*

**फुलमुन डे पनि आजै**

प्रत्येक महिना एक पटक आउने पुर्णिमाको दिनको आफ्नै महत्व छ । प्रत्येक पुर्णिमाको दिन भगवान गौतमबुद्धको जीवनी कुनै न कुनै रूपमा जोडिएकाले बौद्ध ग्रन्थमा हरेक पूर्णिमाको दिनलाई बिशेष दिन भन्दै निकै महत्वका साथ लिने गरिन्छ । श्रावण पूर्णिमाको दिन पनि बौद्ध धर्मावलम्बीहरूका लागि निकै

**(बाँकी २ पेजमा)**



रक्षा बन्धनको पूर्व सन्ध्यामा भैरहवास्थित मैत्रीपथमा राखी किन्दै ग्राहकहरु । राखी भारतबाट आयात हुने गरेको छ । *तस्वीरः दीपक परियार/न्यूज ओके*

# पुराना संरचनाले विद्युत्मा समस्या

भुवन पाण्डे
बुटवल ।

बुटवलमा विद्युतजन्य समस्या बढेका छन् । व्यस्त सडक र घरनजीकैका विद्युत तार चुडिने र मान्छेको मृत्यु हुने घटनाले स्थानीय त्रसित छन् ।

सडकमाथिरहेको विद्युतको हाइटेन्सन लाइनको तार चुडिँदा मंगलबार बुटवलमा २ बालकले ज्यान गुमाए । पुराना र जीर्ण तार समयमा मर्मत संहार नहुँदा, क्षमताभन्दा बढी विद्युत प्रवाह गर्दा, र सडक तथा घर नजीकमै हाइटेन्सन लाइन बिस्तारले विद्युतजन्य दुर्घटना बढेका छन् ।

८० प्रतिशत ट्रान्सफर्मबाट क्षमताभन्दा बढी विद्युत प्रवाह भएको छ । यसले दिनहुजसो ट्रान्सफर्म जल्ने, दुर्घटना बढाउने र विद्युत सेवा अवरूद्ध हुने गरेका छन् । कम भोल्टेज र ओभर भोल्टेजले उपकरण बिग्रदा उपभोत्ताले सास्ती  पाएमा छन् ।

पुराना तार र कम क्षमताका ट्रान्सपरमले समस्या निम्त्याएपछि गत वर्ष विद्युत प्राधिकरण बुटवलले ४० वटा ट्रान्सपरम माग गरेको थियो । सरकारले भुकम्पपीडितलाई छुट्याएका ९ वटा ट्रान्सपरम मात्रै दिएकाले विद्युतीय सेवामा सुधार ल्याउन नसकेको विद्युत प्राधिकरण बुटवलका निमित्त प्रमुख भरत थापाले बताए । ट्रान्फर्म जडान गर्न एक दर्जन ठाउंमा संरचना बनाएपनि रकम अभावले जोड्न नसकेको उनले बताए ।




## साताभरीको सुनचाँदीको मूल्य

रुपन्देही

| बार/गते | सुन | चाँदी |
|---|---|---|
| बिही, साउन २७ गते | ५९,७०० ।- | ९३० ।- |
| शत्र, साउन २८ गते | ५९,४०० ।- | ९२५ ।- |
| शनि, साउन २९ गते | ५९,४०० ।- | ९२० ।- |
| आइत, साउन ३० गते | ५९,४०० ।- | ९२० ।- |
| सोम, साउन ३१ गते | ५९,७०० ।- | ९२० ।- |
| मंगल, असार ३२ गते | ५९,८०० ।- | ९२५ ।- |
| बुध, असार ०१ गते | ५९,८०० ।- | ९२० ।- |

मूल्य/प्रति तोला (११.६६४ ग्राम=१ तोला)
सौजन्यः पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवा
फोनः ०७१-५२१२३३









### बालनेत्र एकेडेमी भैरहवामा दन्त शिविर

*बालनेत्र एकेडेमी भैरहवामा बालबालिकाहरुको दन्त परिक्षण गरीएको छ । युनिभर्सल कलेज अफ मेडिकल साईन्सेज रानीगाउँ भैरहवाको प्राविधिक सहयोगमा दन्त शिविर सम्पन्न भएको हो । शिविरमा बालबालीकाको दन्तपरिक्षणको साथै दाँतको रक्षाका निम्ती अपनाउनु पर्ने बिधिबारे पनि जानकारी गराइएको थियो । शिविरमा एकेडेमीका शिक्षिका तथा परिचारिकाहरुको समेत दन्तपरिक्षण गरिएको थियो । मेडीकल कलेजका प्रा.डा.मनु बट्राको नेतृत्वमा रहेको डा.भवानी गुरुङ्, डा. रचना कर्ण, डा. निरज कुमार देव, डा. स्तिुती भट्टराई तथा डा. सुस्मीता जोसीको टोलीले दन्त परीक्षण गरेको थियो ।*

न्यूज ओके

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# विपद् व्यवस्थापन तालिम सम्पन्न



***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

नेपाल रेडक्रस सोसाइटी रूपन्देही जिल्ला शाखा अन्तर्गत बसन्तपुरमा सामुदायिक उत्थानशील परियोजनाद्वारा ३ दिने आधारभूत विपद् व्यवस्थापन तालिम भएको छ ।

समुदाय तथा विद्यालय स्तरमा आकस्मिक रूपमा आउन सक्ने विपद्को प्रभावलाई न्यूनिकरण गर्न पूर्व तयारी तथा प्रतिकार्य योजना निमार्ण गरी विपद्को बेला कार्यान्वयन गर्न सकिने उद्धेश्य राखि बसन्तपुर गा.वि.स.का ३० जना ( १२ महिला १८ पुरूष) को सहभागितामा उक्त प्रशिक्षण सञ्चालन गरिएको थियो ।

तालिममा सिकाइएको भुकम्प पूर्व तयारी तथा प्रतिकार्य योजनालाई कसरी प्रयोगमा ल्याउन सकिन्छ, भन्ने कुरालाई व्यवहारिक रूपमा सिकाउन बसन्तपुर दशरथ जनता नि.मा.वि.का विद्यार्थी तथा शिक्षक शिक्षिकाहरूको सहभागितामा कृत्रिम घटना अभ्यास गरिएको थियो ।

उक्त तालिमको सहजीकरण रेडक्रसका सभापति प्रेमलाल उदास, बरिष्ठ जिल्ला शाखा अधिकृत शैलेन्द्र तुलाधर, रेडक्रस सदस्य तुलबहादुर थापा, परियोजना अधिकृत घनश्याम पौडेल, शाखा अधिकृत कृष्ण मल्लले गरेका थिए ।

तालिमको समापनमा सहभागिहरूलाई प्रमाणपत्र वितरण गर्दै रेडक्रसका सभापति प्रेमलाल उदास, उपसभापति दिपक क्षेत्री न्यौपाने, कोषाध्यक्ष दल बहादुर थापा, दशरथ जनता नि.मा.वि.का प्र.अ. राज महेन्द्र रायले तालिममा सिकेका कुराहरूलाई आ-आफ्नो समुदाय विद्यालयमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई विपद्को बेला कार्यान्वयन गर्न सुझाव दिनु भएको थियो । हाल सम्म यस प्रकारका तालिमहरू रेडक्रस जिल्ला शाखाले विभिन्न क्षेत्रमा गरी आठ पटक सञ्चालन गरी सकेको छ ।

# प्राज्ञिकको नेतृत्व विकास तालिम

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

प्राज्ञिक विद्यार्थी परिषद नेपाल भैरहवा शाखाले शुक्रबार साई ग्लोबल कलेज सिद्धार्थनगरका कक्षा १२ र स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई लागि एक दिने नेतृत्व विकास तालिम प्रदान गरेको छ ।

कार्यक्रममा परिषदका भैरहवा नमुना क्याम्पस विज्ञान संकायका संयोजक अनुराग पाण्डेले राष्ट्रिय तथा अन्र्तराष्ट्रिय कार्यक्रमहरूमा विद्यार्थीहरूलाई समावेश गरी परिषदले नेतृत्व विकास गर्दै राष्ट्र हितका लागि कार्य गर्दै आएको बताउनुभयो । त्यसै गरी कार्यक्रमका प्रमुख अतिथि साई ग्लोबल कलेज बिहानी समुहका संयोजक दिनेश मान अमात्यले विद्यार्थीहरूले सैद्धान्तिक विषयसँगै व्यवहारिक ज्ञानलाई पनि जोड दिदैं आफुमा असल नेतृत्वको विकास गर्नु आवश्यक रहेको कुरामा जोड दिनुभयो । त्यसै गरी कार्यक्रमका प्रमुख प्रशिक्षक राजेश राज भण्डारीले आर्थिक समस्यालाई मध्यनजर गर्दै उद्योग, कलकारखाना स्थापना गर्न सक्ने सम्भाव्य उपायहरूको बारेमा बताउँदै शैक्षिक तथा सामाजिक क्षेत्रमा हुनुपर्ने सुधारहरूको बारेमा जानकारी दिनुभयो ।

परिषद्का नगर सह-सचिव एवं साई ग्लोबल कलेजका कार्यक्रम संयोजक विकास जैसवालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन विविएस चौथो वर्षकी छात्रा लुना पाण्डेयले गरेकी थिईन् ।




# नवलपरासीका बाढी प्रभावितहरूलाई सहयोग

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

नवलपरासीका बाढी पीडितलाई सामाजिक संस्था तराई मानव अधिकार रक्षक सञ्जाल(थर्ड एलायन्स) ले राहत वितरण गरेको छ । थर्ड एलायन्सको क्षेत्रीय कार्यालय भैरहवाद्वारा संकलन गरिएको राहत सामाग्री शनिबार नवलपरासी सनई गाविसका अति प्रभावित २० घर परिवारलाई वितरण गरिएको हो ।

उक्त राहत प्रहरी चौकी सनई र गाविस कार्यालय सनईको समन्वयमा सनई गाविस कार्यालयको प्राङ्गणमा वितरण गरिएको थर्ड एलायन्सका क्षेत्रीय संयोजक शैलेन्द्र अम्बेडकरले जनाएका छन् । राहतमा प्रत्येक परिवारलाई चामल १५ किलो, मटर २ किलो, भुजा १ किलो, नुन १ किलो, सरफ १ किलो, खाने तेल १ किलो, चाउ चाउ ६ प्याकेट र कपडा ( पाइन्ट, सर्ट, सारी, सुट) बच्चाहरूको कपडा वितरण गरिएको थियो ।

# रोट्रयाक्टद्वारा वृक्षारोपण

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

रोट्रयाक्ट क्लब अफ लुम्बिनी सिद्धार्थनगरले शुक्रबार रूपन्देही लीलाराम न्यौपाने उच्च माध्यमिक विद्यालय सिद्धार्थनगरको हाता भित्र वृक्षारोपण गरेको छ ।

वृक्षारोपण कार्यक्रमको उद्घाटन गर्दै जिल्ला वन कार्यालय रूपन्देहीका वन अधिकृत इन्द्र बहादुर पछाईले क्लबको आयोजनामा भएको वृक्षारोपण कार्यक्रमले विद्यालयको वातावरणलाई स्वच्छ र हरियाली राख्न सहयोग पुर्‍याउने बताए ।

विद्यालयका प्राचार्य गणेश प्रसाद भट्टराईले रोपिएका रूखहरूको संरक्षण विद्यालयका शिक्षक र विद्यार्थीहरूले गर्ने बताए ।

रोट्रयाक्ट क्लब अफ लुम्बिनी सिद्धार्थनगर वर्ष २०१६/०१७ का अध्यक्ष अभिषेक अग्रवालले आगामी दिनहरूमा पनि क्लबले यस्तै खालका रचनात्मक कार्यहरू गर्दै जाने बताए ।

# मानमटेरियामा निःशुल्क दन्त शिविर

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

रूपन्देहीको मानमटेरीयामा एक दिने निःशुल्क दन्त शिविर सम्पन्न भएको छ । थर्ड एलायन्स क्षैत्रीय कार्यालय भैरहवाको आयोजना तथा युनिर्भसल कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल भैरहवाको प्राबिधीक सहयोगमा मानमटेरिया गाविस वडा नं. ९ स्थित गुरूवलिया माध्यमिक विद्यालयमा शिविर सम्पन्न भएको हो ।

मेडिकल कलेजका दन्त रोग विशेषज्ञ डा.मनु बत्राको नेतृत्वमा गएका ८ जना चिकित्सक तथा अस्पतालको दन्त रोग विभागमा अभ्यासरत विद्यार्थीहरूको टोलीले उक्त शिविरमा दन्त रोग सम्बन्धि विभिन्न प्रकारका बिरामीहरूको स्वास्थ्य परीक्षण गरेका थिए ।

शिविरमा मानमटेरिया गाविसका बालबालिका तथा महिलाहरूको दाँत परीक्षण गरी निःशुल्क औषधी समेत वितरण गरिएको थियो ।

शिविरमा करिब २०० जना महिला तथा बालबालिकाहरूको दाँत परीक्षण भएको थियो ।

# नेपाल भारत मैत्री संघको विभिन्न कार्यक्रम

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

नेपाल भारत मैत्री संघ उपशाखा बेलहिया ले १५ अगस्टको अवसर पारेर आईतबार वृक्षारोपण तथा सरसफाई कार्यक्रम सम्पन्न गरेको छ ।

नेपाल भारतको दशगजा क्षेत्रमा सरसफाइ तथा बेलहिया माध्यमिक विद्यालयमा वृक्षारोपण गरेको कार्यक्रमका संयोजक सुरेन्द्र क्षेत्रीले बताए ।

सांसद इश्तियाक अहमद खानको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा अहमद खानको आतिथ्यतामा भएको कार्यक्रममा जिवीस रूपन्देहीका निमित्त प्रमुख अख्तर हुसेन र सिद्धार्थनगर नगरपालिकाका वरिष्ठ अधिकृत गणेश बहादुर क्षेत्रीको विशेष आतिथ्यता रहेको थियो ।

सिद्धार्थ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष शान्तकुमार शर्मा, निवर्तमान अध्यक्ष विष्णु शर्मा, व्यापार मण्डल सुनौलीका अध्यक्ष सुवास जैसवाल, इप्रका बेलहियाका प्रमुख प्रहरी निरीक्षक अभय विक्रम शाह, सिद्धार्थ होटल एशोसिएसनका उपाध्यक्ष किशोर जोशी, रोटरी क्लब सिद्धार्थनगरका अध्यक्ष खेम कार्की लगायतले नेपाल र भारतको सम्बन्ध प्रगाढ हुनुपर्ने भन्दै आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए ।

संघका अध्यक्ष श्रीचन्द्र गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सुरेन्द्र क्षेत्रीले गरेका थिए ।

## आज जनैपूर्णिमा तथा ...

महत्वपूर्ण रहेको लुम्बिनी विकास कोषका आध्यात्मिक सल्लाहकार तथा अन्तर्राष्ट्रिय बौद्ध समाजका अध्यक्ष भिक्षु मैत्रेयले बताए ।

श्रावण पूर्णिमाका दिन पनि बौद्ध ग्रन्थमा अति महत्वपुर्ण दिन मानिन्छ । भगवान गौतमबुद्धले महापरी निर्वाण गरेको बैशाख पूर्णिमाका दिन भए पनि उहाँको अन्तिम संस्कार तीन महिना पछि सम्पन्न भएकोले उक्त दिन श्रावण पुर्णिमाकै दिन भएको विश्वास गरिन्छ । त्यस्तै गरी असार पुर्णिमाका दिन बर्षा बास बस्न नपाएकाहरूले श्रावण पूर्णिमाका दिन बर्सा बास सुरू गर्ने, त्यस्तै गरी धर्मको कोषाध्यक्ष अर्थात धर्म भान्दागारिकका रूपमा रहेका भिक्षु आनन्द जो गौतमबुद्धको उपस्थायक (निजी सचिब जस्तो) थिए उनको अरहन्त पनि आजैको दिन भएको हो । त्यस्तै प्रथम धर्म संगायन ( फस्ट बुद्धिस्ट काउन्सिल) महाकाश्यप महास्थविरको अध्यक्षतामा राजगृह स्थित सप्तपन्नी गुफामा ५ सय जना अरहन्त भिक्षुको उपस्थितिमा श्रावण पूर्णिमाका दिन सम्पन्न भएको हो । महाकाश्यप महास्थविर उनै व्यक्तित्व हुन जो सँग भगवान गौतमबुद्धले आफ्नो चिबर(लगाउने बस्त्र)साटेको बौद्ध दर्शमा उल्लेख छ । आजका दिन लुम्बिनीमा बिशेष पुजापाठ गर्दै द्बिप प्रज्वलन गर्ने गरिन्छ । त्यसैले श्रावण पूर्णिमा हिन्दु र बौद्ध धर्मावलम्बीहरूको लागि निकै महत्वपूर्ण दिन हो ।

सन् १८९६को डिसेम्बरमा जनरल खडग शम्शेरले अशोक स्तम्भ पत्ता लगाएका थिए र सो स्तम्भ पत्ता लागेको एक सय वर्ष पुरा भएको अवसरमा सन् १९९६ मा लुम्बिनी महोत्सव आयोजना गरी फुल मुन प्रेयर सुरू भएको हो ।

विश्वका अरू कुनै बौद्ध मुलुकमा फुल मुन प्रेयर भएको पाइदैन । त्यतिमात्र होइन विभिन्न राष्ट्रका धर्मावलम्बीहरूले आफ्नो आफ्नो प्रचलन अनुसार एकै ठाउँमा पुजा प्रार्थना गर्ने लुम्बिनीमा मात्रै हो ।

फुल मुन डे प्रेयरमा बिहान बिशेष प्रार्थना र बेलुका चन्द्रमा उदय भए पछि मायादेबी मन्दिर परिसर र नजिकैको पबित्र पुष्करनी कुन्डमा द्बिप प्रज्वलन गरिदैं आइएको छ ।

# ओम् शान्ति भैरहवामा रक्षा बन्धन बिशेष कार्यक्रम आज

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।



ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले मानवीय मूल्यसँग सम्बन्धित महत्वपूर्ण धार्मिक पर्व जनैपुर्णिमा (रक्षाबन्धन) आपसी सद्भाव, मानवीय मर्यादा तथा पवित्रताको प्रतिकको रूपमा मनाउँदै आएको छ ।

संस्थाको क्षेत्रीय कार्यालय भैरहवाको दिव्यशान्ति रिट्रिट सेन्टरमा जनैपुर्णिमाको दिन स्नेहमिलन, रक्षाबन्धन ग्रहण तथा प्रसाद वितरण कार्यक्रमको आयोजना गरी भव्य रूपले मनाइने संस्थाले जनाएको छ ।

रक्षाबन्धन जस्ता महत्वपूर्ण सन्देश बोकेका चाडपर्वलाई हामी सबैले साझा पर्वको रूपमा मनाउन सके विविध आधुनिक विकृती र विसंगतीको कारण नाजुक बन्दै गैरहेको वर्तमान पारिवारीक तथा सामाजिक अवस्थालाई धेरै हदसम्म सुधार्न सहयोग पुग्ने देखिन्छ ।

यसै सन्दर्भमा ब्रह्माकुमारी संस्थाले संस्कृति र मानवीय मूल्य रक्षा गर्न, सकारात्मक चिन्तनद्धारा श्रेष्ठ कर्म तर्फ प्रेरित गर्न, भाईचारा तथा सदभाव र आपसी पवित्र स्नेहको विकास गर्न प्रेरणा दिने पर्व रक्षाबन्धन पर्व हो भन्दै विश्वव्यापी रूपमा मनाउँदै आएको छ । ब्रह्माकुमारी संस्थाले मानवमा अर्न्तनिहित नैतिक तथा चारित्रिक दुर्वलता, मनोविकार तथा आसुरी प्रवृत्तिबाट मुक्त गराई सबैप्रति पवित्र भातृत्वको भावना राखी सुखद दैवि समाज स्थापनामा लाग्न प्रेरणा दिने पर्वको रूपमा रक्षाबन्धनलाई मान्ने गरेको छ र कार्यक्रम मार्फत समाजलाई यही सन्देश प्रवाह गर्ने गर्दछ ।

नेपाल, भारत लगायत विश्वका १४० बढी देशमा सेवारत ब्रह्माकुमारी संस्थाका नौ हजार बढी सेवाकेन्द्रहरूमा रक्षाबन्धन पर्वको सन्देश समाजमा पुर्‍याउन आयोजना गरिने कार्यक्रममा समाजका सबै क्षेत्र र वर्गका विशिष्टदेखि सर्व साधारण व्यक्तिहरू र संस्थाका सदस्यहरूको ठुलो भिड लाग्ने गर्दछ । कार्यक्रमहरूमा रक्षाबन्धन पर्वको महत्व तथा रहस्यमाथी प्रकाश पार्दै संस्थाकी अन्तर्राष्ट्रिय मुख्य प्रशासिका १०१ वर्षिया डाक्टर दादी जानकी जीको अन्तर्राष्ट्रिय मुख्यालयबाट प्राप्त सन्देश वाचन गरी वँहाले पठाउनु भएको राखी प्रदर्शन गरिने, सहभागीहरूलाई रक्षाबन्धन बाँधि प्रसाद एवम् जीवन उपयोगी वरदान कार्ड वितरण गर्दै रक्षाबन्धन पर्वको सन्देश जीवनमा उतार्न प्रेरित गरिने संस्थाकी भैरहवाकी क्षेत्रीय प्रमुख ब्रह्माकुमारी शान्ति दिदीले जानकारी दिएकी छिन् ।

रक्षाबन्धन कै अवसरमा संस्थाको क्षेत्रीय कार्यालय भैरहवाले आमन्त्रीत, इच्छुक तथा संस्थाका सदस्यहरूका लागि जनतापथ स्थित दिव्यशान्ति रिट्रिट सेन्टरमा विहान ७ बजेदेखि साथै एस ओ एस बालग्राम लुम्बिनी, जिल्ला कारागार एवम् सीमावर्ती क्षेत्रका सुरक्षा निकाय, भन्सार कार्यालय लगायतका स्थानहरूमापनि रक्षाबन्धन ग्रहण गराई प्रसाद वितरण गर्ने कार्यक्रम रहेको संस्थाका पश्चिम नेपालका सचिव तथा कार्यक्रम संयोजक ब्रह्माकुमार भूपेन्द्र अधिकारीले बताए ।

# द्वन्द्व प्रभावितहरू बीच अन्तरघुलन कार्यक्रम

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।



समाजमा रहेका द्वन्द्व प्रभावितहरू लाई एक आपसमा अन्तरघुलन तथा पुनर्मिलन गर्ने उदेश्यले उनीहरूलाई बुद्धजन्मस्थल लुम्बिनीमा जमघट गराइएको छ ।

उनीहरू बीचको एक आपसमा सद्भाव कायम रहोस् भन्ने उदेश्यले उनीहरूको सम्मानमा स्थानीय शान्ति समिति रूपन्देहीको आयोजना तथा नमूना एकीकृत विकास परिषद् र सम्वाद परियोजनाको सहयोगमा मायादेवी मन्दिर परिसर लुम्बिनीमा उनीहरूको एक आपसमा पुनर्मिलन गराउँदै वृक्षारोपण समेत गरिएको थियो । रूपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद ढकालको प्रमुख आतिथ्यतामा पहिलो चरणमा वृक्षारोपण कार्यक्रम सम्पन्न पश्चात उनीहरू बीच एक आपसमा अन्तरघुलन तथा पुनर्मिलन कार्यक्रम गरिएको थियो ।

कार्यक्रममा उपस्थित द्वन्द्व प्रभावितहरू मध्ये सरकार पक्ष र विद्रोही पक्षबाट भएका द्वन्द्व प्रभावित बीच एक आपसमा मायाको चिनो साटासाट गराई पुनरघुलन गराइएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि ढकालले मन शान्ति नभएसम्म अन्य कुनै पनि काम सफल हुन नसक्ने बताउँदै शान्ति स्थापनाका लागि स्थानीय शान्ति समितिले गरेको उक्त कार्यको लागि प्रसंशा गरे ।

कार्यक्रम संयोजक तथा स्थानीय शान्ति समितिका निवर्तमान संयोजक ज्ञानु पौड्यालले लुम्बिनीको आसपासमा भएपनि यहाँका वासीन्दाले लुम्विनीको महत्व बुझ्न नसक्दा बत्ति मुनीको अंध्यारो जस्तै हुन पुगेको बताउँदै शान्ति स्थापनामा लाग्न सम्पूर्णलाई आग्रह गरिन ।

स्थानीय शान्ति समितिका संयोजक आनन्द प्रसाद गुप्ताले शान्ति समितिले विभिन्न पिडितहरूलाई आत्मनिर्भर बनाउने उदेश्यले विभिन्न तालिमको व्यवस्था गरेपनि उनीहरू तालिम प्राप्त भएपनि अझै बेरोजगार हुनु परेको बताउँदै सरकारले त्यसमा ध्यान दिनु जरूरी रहेको बताए ।

कार्यक्रममा राज्य पक्षबाट बेपत्ता परिवारको तर्फबाट बोल्दै केदार काफ्लेले हिजोका दिनमा राज्यपक्ष र बिद्रोही पक्षबाट भएका पिडितहरूबीच एक आपसमा बोलचाल नहुने अवस्था रहेकोमा हाल यस्ता कार्यक्रमहरूका कारण ती समस्या हटेकोमा खुसी व्यक्त गरे ।

बिद्रोही पक्षबाट मृतक परिवारको तर्फबाट बोल्दै जानकी घिमिरेले नमूना एकीकृत विकास परिषद, शान्तिका लागि सम्वाद परियोजना साथै शान्ति समितिले गरेको कार्यको प्रशंसा गरिन् । स्थानीय शान्ति समिति रूपन्देहीका सचिवालय सदस्य चोपलाल आचार्यको स्वागत मन्तव्य तथा स्थानीय शान्ति समितिका कार्यालय सचिव सन्तोष पौडेलको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# घाघरामा पुल निमार्णकालागी सर्वे

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

भैरहवा स्थित शिद्धार्थ नगर नगरपालीका अन्तरगत खोलामा पुल निमार्णकालागी सर्वे गरीएको छ ।

सिनपा ११ स्थित सिसवा र दुर्गौलिया गोनाहा गाविसको १ को बिचमा पर्ने घाघरा नदी र लुमिवनीरोडको हाटीबनगाई ९ र शिद्धार्थनगरपालीका ४ को बिचमा पर्ने घाघरा नदीमा पुल निमार्णकोलागी सर्वे गरीएको हो । काठमाडौबाट आएका ईन्जीनीयर नवीन मण्डल र आनन्द माझीले स्थानीय बासिलाई भेला गराई पुल निमार्णकोलागी सर्वे गरेका हुन् । सर्वे पश्चात पुल निमार्णकोलागी लागत अनुमान गरी छिट्टै पुल निमार्णको काम सुरू गरीने छ । यि स्थानमा पुल निमार्णकोलागी सरकारको रातो पुस्तिकामा यसैबर्ष योजना परेको छ । समाज सेवि दिपक क्षेत्री न्यौपानेको अध्यक्षतामा बसेको सर्वे भेलाले पुल निमार्णकोलागी छिट्टै योजना अगाडी बढाउन आग्रह गर्दै स्थानीय बासिको तर्फबाट पुल निमार्णकालागी सक्दो सहयोग गर्ने बताए । पुल निमार्ण नहुँदा यि गाउमा आवज जावतकोलागी कठीन छ । बर्षातको समयमा घाघरा नदी बढ्दा बिद्यार्थीहरू बिद्यालय जानबाट समेत बञ्चीत हुने गरेको समाज सेवि क्षेत्रीले बताए । पुल निमार्ण भए पछि त्यहाका हजारौ बासि लाभान्वित हुनेछन् ।

**एभरेष्ट बैंकको ४५ करोडको एफपीओ आउँदै**

सर्वसाधारणका लागि एभरेष्ट बैंक लिमिटेडले ४५ करोड रूपैयाँ बराबरको एफपिओ (फर्दर पब्लिक अफरिडएइ) जारी गर्ने भएको छ। बैंकले चालु आर्थिक वष भित्रै उक्त रूपैयाँ बराबरको एफपीओ जारी गर्न लागेको हो। राष्ट्र बैंकले पूँजी बृद्धिको नीति ल्याएसँगै बैंकले पूँजी बृद्धि योजना सार्वजानिक गरी चुक्ता पूँजी बढाउनका लागि प्रिमियम मुल्यमा एफपीओ जारी गर्न लागेको हो। त्यस्तैगरी बैंकले फ्रि रिजर्भमा रहेको २ अर्ब ७७ करोड रूपैयाँलाई पूँजीकरण गर्ने र बैंकको नियमित नाफाबाट वार्षिक ७५ करोड रूपैयाँ पूँजीकरण गर्दै ०७४ असार मसान्तसम्ममा राष्ट्र बैंकले तोकेको चुक्ता पूँजी पुऱ्याउने जनाएको छ। राष्ट्र बैंकले वाणिज्य बैंकहरूको न्यूनतम् चुक्ता पूँजी ८ अर्ब रूपैयाँ हुनुपर्ने घोषणा गरेको थियो। आर्थिक वर्ष २०७२/७३ को मसान्तसम्म एभरेष्ट बैंकको चुक्ता पूँजी २ अर्ब ७४ करोड रूपैयाँ छ।

EVEREST BANK

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# अर्घाखाँची सिमेन्ट उद्योगले उत्पादन क्षमता बढाउँदै

## दैनिक क्षमता ३ हजार टन पुऱ्याइने

*न्यूज ओके रिपोर्टर*
भैरहवा।

विगत २ वर्ष देखि अर्घाखाँची ब्रान्ड को ओपिसी सिमेन्ट उत्पादन गर्दै आइरहेको अर्घाखाँची सिमेन्ट प्रा.लि.ले आफ्नो उत्पादनलाई दैनिक ३ हजार टन पुरयाउने भएको छ। उद्योगबाट अहिले दैनिक १२ सय टन उत्पादन भइरहेकोमा अबको २ वर्ष भित्र उत्पादन बढाएर ३ हजार टन पुरयाउनका लागि आवश्यक कामहरू सुरू भइसकेको उद्योगका नायब महाप्रबन्धक तथा प्रोजेक्ट हेड कृष्ण पाण्डेले बताए।



'हामीहरूले अबको डेढ वर्ष भित्र नयाँ प्रबिधी जडान त भौतिक संरचना निर्माणको काम सबै सम्पन्न गरी २ वर्ष भित्रमा उत्पादन ३ हजार टन पुऱ्याउने लक्ष्य सहीत काम सुरू गरेका छौं,'नायब महाप्रबन्धक पाण्डेले भने। रूपन्देहीको मैनहिया गाबिस वडा नम्बर १ सेमरमा उद्योग रहेको छ। सिद्धार्थ ग्रुप, केडिया अर्गनाईजेशन र मुरारका अगनाइजेशनको संयुक्त लगानीमा अर्घाखाँची सिमेन्ट प्रा.लि.को स्थापना ७ वर्ष अघि भएको हो।

उद्योगले उत्पादन बढाउन थप कार्य गरे सँगै उद्योगमा थप ४ अर्ब १३ करोड लगानी थपिने भएको छ। प्रबर्द्धकहरू सिद्धार्थ ग्रुप, केडिया अगनाइजेशन र मुरारका अगनाइजेशनले १ अर्ब २४ करोड रूपैयाँ लगानी गर्नेछन् भने बाँकी नपुग रकम ६ वटा बैंकले लगानी गर्नेछन्। नबिल बैंकको नेतृत्वमा नेपाल बैंक लिमिटेड, एनआइसी एसिया, ग्लोबल आइएमइ बैंक, प्राइम बैंक, सेन्चुरी बैंक र सानिमा बैंकले २ अर्ब ८९ करोड लगानी गर्ने सम्झौता समेत भएको छ।

अहिले दैनिक क्षमताका आधारमा सबै भन्दा बढी उत्पादान गर्ने सिमेन्ट उद्योग अर्घाखाँची रहेकोमा दैनिक उत्पादन क्षमता बृद्धि सँगै नेपालकै सबैभन्दा ठुलो र धेरै सिमेन्ट उत्पादन गर्ने उद्योग बन्नेछ।

सिमेन्ट उद्योगमा अहिले क्षमता बढाउनका लागी पुरै नयाँ प्रबिधी जडान गर्ने तयारी भइरहेको छ। उद्योगले डेनमार्कको एफएलएस मिड्थ प्रबिधी ल्याउँदै छ। यस अघि सर्बोत्तम सिमेन्ट उद्योगले पनि यही प्रबिधी जडान गरेको थियो। सिमेन्ट उद्योगका लागि यो

दैनिक रूपमा नेपालमा सबैभन्दा धेरै सिमेन्ट उत्पादन गर्ने सिंगल सिमेन्ट मिलका रूपमा यो उद्योग रहेको र व्यावसायिक उत्पादन प्रारम्भबाटनै प्लास्टिक लेमिनेटेड बोरामा सिमेन्ट प्याकिंग गरी बिक्री गर्दै आएको छ।

सिमेन्ट उत्पादनका लागि मुख्य आवश्यक कच्चा पदार्थ क्लिन्कर यही उद्योग परिसरमा उत्पादन गरिरहेकाले पनि यो उद्योग पूर्ण रूपमा नेपाली क्लिन्करमा निर्भर रहेको उद्योग बन्न पुगेको छ।

डाईनेष्ट्री ईन्डस्ट्रिज नेपाल प्रा.लि.का नाममा २०६७ कार्तिकबाट व्यावसायिक रूपमा क्लिन्कर उत्पादन गर्दै आएको यो उद्योगले क्लिन्करका लागि चुन उत्खन्न गर्दै आएको अर्घाखाँची जिल्लाको नाम प्रबर्द्धनका लागि उद्योगको नामनै परिवर्तन गरी अर्घाखाँची सिमेन्ट उद्योग राखेको हो। रूपन्देहीको यो दोश्रो युनिट हो भने पहिलो कपिलवस्तुमा रहेको छ।

२०६७ सालमा दैनिक ७ सय मेट्रिक टन क्लिन्कर उत्पादन गर्दै आएको अर्घाखाँची सिमेन्टले त्यसपछि २०६८ मा ९ सय, २०६९।७० मा ११ सय, २०७०।७१ मा १५ सय र २०७४ सम्म २२ सय मेट्रिक टन प्रतिदिन क्लिन्कर उत्पादन गर्ने लक्ष्य उद्योगको छ।

# सेवानिवृत कर्मचारीलाई २५ करोड भुक्तान

*न्यूज ओके रिपोर्टर*
बुटवल।

कर्मचारी संचयकोष कार्यालय शाखा कार्यालय बुटवलबाट आर्थिक बर्ष २०७२।०७३ मा सेवाबाट अवकाश प्राप्त १८४४ संचयकर्ता कर्मचारीलाई रू.२५ करोड १२ लाख ४४ हजार भुक्तानी गरेको छ।

यस अवधिमा कोषले ७२ जना मृतक संचयकर्ताका हकवालालाई रू.२० लाख काजक्रिया खर्च र दुर्घटनामा मृत्यु हुने ८ जना हकवालालाई रू. ८ लाख २५ हजार, संचयकर्ता सुत्केरी तथा शिशु हेरचाह कार्यक्रम अन्तर्गत ८३० जना संचयकर्ता कर्मचारीलाई रू. ६२ लाख २५ हजार र स्वास्थ्य उपचार कार्यक्रम अन्तर्गत रू. १५ हजार रकम अनुदान भुक्तानी गरेको कोषको शाखा कार्यालयले जनाएको छ।

यस्तै संचयकर्ता कर्मचारीले कोषबाट आफ्नो सेवा अवधिमा सेवाकालिन आवश्यकता पुरा गर्न ऋण सापटी अन्तर्गत १०५२८ जनाले रू. १ अर्व १५ करोड ७५ लाख ४२ हजार ६ सय, घर सापटी कर्जा अन्तर्गत ९८ जनाले रू. ९ करोड ७६ लाख ६८ हजार र शैक्षिक कर्जा अन्तर्गत ६ जनाले रू. ९९ लाख ८७ हजार ५ सय प्राप्त गरेको कोषका शाखा प्रमुख टोपाराम पंण्डितले जानकारी दिए। यस अवधिमा तीनवटा नयाँ कार्यालय संग कोषमा अवद्धताको संझौता समेत भएको उनले जनाए।

कोषको यस कार्यालयले लुम्बिनी अंचलका ६ जिल्लासहित राप्तीका प्युठान, रोल्पा र गण्डकीको स्याङ्जा जिल्ला लयायतका सेवाग्राहीलाई सेवा प्रदान गर्दै आएको छ। यस कार्यालयबाट संचयकर्ता कर्मचारीलाई बिभिन्न सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत संचयकर्ताको मृत्यु भएमा मृतक कर्मचारीको हकवालालाई काजक्रिया अनुदान, दुर्घटना क्षतिपूर्ति रकम, कर्मचारी कल्याण योजना, संचयकर्ता औषधि उपचार संचय कार्यक्रम, सुत्केरी तथा शिशु हेरचाह कार्यक्रम संचालनमा ल्याएको कार्यालय प्रमुख पण्डितले जानकारी दिए।

यस्तै संचयकर्ता सेवाकालिन आवश्यकता कर्जा कार्यक्रम अन्तर्गत बिशेष सापटी, घर सापटी र शैक्षिक सापटी कार्यक्रम संचालनमा ल्याएको छ। कोषले केहि समय पश्चातनै घर मरमत सापटी कर्जा नयाँ कार्यक्रम संचालनमा ल्याउने तयारीमा रहेको समेत उनले जानकारी गराए।

यस संगै कोषको यस शाखाबाट फाटवारी, परिचयपत्र समर्थन तथा ई सर्विस जस्ता कार्यक्रम सम्पादन हुँदै आएकाले संचयकर्तालाई केन्द्रमा धाउनुपर्ने बाध्यताको अन्त्य भएको उनले बताए।

यस कार्यालयले संचयकर्तालाई पुऱ्याएको सेवाबाट संचयकर्ता लाभान्वित हुनुका साथै कोषको कार्यक्रम र गतिविधिको दायरा बिस्तार भएको समेत कार्यालय प्रमुख पण्डितले जानकारी गराए।

# नगद लाभांस बितरण नगर्न राष्ट्र बैंकको निर्देशन

*न्यूज ओके रिपोर्टर*
बुटवल।

नेपाल राष्ट्र बैंकले सुचिकृत वाणिज्य बैंक, विकास बैंक र फाइनान्सहरूलाई अनिवार्य रूपमा शेयरधनीले पाउने नगद लाभांस बैंक खातामा जम्मा गर्न निर्देशन जारी गरेको छ। लाभांस पूर्जा संकलन गर्न बोलाउने सूचना प्रकाशित हुन थाले पछि राष्ट्र बैंकले धितोपत्र बोर्डको आग्रहमा यस्तो निर्देशन जारी गरेको हो।

सुचिकृत कम्पनीले लगानीकर्तालाई विबरण गर्ने नगद लाभांस शेयरधनीले संकलन नगरेको कारण ठुलो रकम अहिले बैंक तथा वित्तीय संस्थाहरूमा जम्मा भएर बसेको अवस्था छ। शेयर कारोबार पूर्ण स्वचालित हुँने बाटोमा अघि बढिरहेका बेला लाइन बसेर नगद लाभांसको पूर्जा बाड्ने चलनजको अन्त्य गराउन यस्तो गरिएको भए पनि उल्लेखित समूह बाहेकका सुचिकृत कम्पनीलाई नगद लाभांस लगानीकर्ताको बैंक खातामा पठाउन अनिवार्य गरिएको छैन।

नेपाल धितोपत्र बोर्डले यस अघि नगद लाभांस बैंक खातामा पठाउन सक्ने व्यवस्था बनाउन सुचिकृत कम्पनीहरूलाई आग्रह गरेको थियो। बोर्डले बैंक तथा वित्तीय संस्थाहरूको नियमक राष्ट्र बैंकसंग सहकार्य गरि अहिले 'क' 'ख' र 'ग' वर्गाका वित्तीय संस्थालाई अनिवार्य रूपमा नगद लाभांस बैंक खातामा पठाउने व्यवस्था मिलाएको हो।

राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका नाममा सर्कुलर जारी गर्दै भनेको छ, 'बैंक तथा वित्तीय संस्थाले आफ्ना शेयरधनीहरूलाई प्रदान गर्ने नगद लाभांस शेयरधनीको खातामा जम्मा हुने व्यवस्था गर्नु पर्नेछ। साथै सार्वजनिक निष्काशनहरू प्राथमिक तथा नयाँ शेयर निष्काशनको क्रममा धितोपत्र बाँडफाँड पश्चात लगानीकर्ताले माग गरे बमोजिम शेयर प्राप्त गर्न नसकेको खण्डमा त्यस्तो रकम फिर्ता गर्दा समेत लगानीकर्ताले दरखास्त फारममा उल्लेख गरेको बैंक खातामा रकम जम्मा हुने व्यवस्था मिलाउनु पर्नेछ।'

# वृज सिमेन्टको पहिलो मोटरसाईकल सुजनलाई

*न्यूज ओके रिपोर्टर*
भैरहवा।

वृज सिमेन्ट उद्योगले आफ्ना ग्राहकहरूका लागि श्रावणबाट ल्याएको उपहार योजनाको पहिलो हप्ताको मोटरसाइकल उपहार सुजन खरेलले प्राप्त गरेका छन् कम्पनीले "अरूको सय चोटी वृज सुपर प्रिमियम ( ओ.पि.सि) सिमेन्टको एकैचोटी" "स्क्र्याच गरी जितौं थुप्रै सियोर उपहार, होन्डा साइन बाइक चढी बनाऔं आफ्नो सपना साकार" नारा दिएर उपहार योजना सार्वजनिक गरे लगत्तै पहिलो हप्ताको मोटरसाइकल उपहार स्वयम्भुका सुजन खरेलले प्राप्त गरेको उद्योगका महाप्रबन्धक रबि रञ्जन कुमार गुप्ताले बताए।




उद्योगले ३ महिना सम्म प्रत्येक हप्ता एक होण्डा साइन मोटरसाइकल सहित विभिन्न उपहारहरू सामसुङ्ग ब्राण्डका फ्रिज, मोबाइल, भ्याकुम क्लिनर, डिसहोम, फ्यान, स्टिम आइरनका साथै नगद उपहारहरू प्राप्त गर्न सक्ने गुप्ताले जनाए। यो योजना अन्तर्गत ग्राहकहरूले वृज सिमेन्ट इण्डष्ट्रिज प्रा.लि.का कुनै पनि उत्पादनहरूको २५ बोरा खरीदमा एउटा स्क्रयाच कुपन प्राप्त गर्न सक्नेछन् र कुपन स्क्रयाचमा उल्लेख भए बमोजिमको पुरस्कार पाउनेछन्।

त्यस्तै गरी किर्तिपुरका राम कुमार थापाले फ्रिज, पोखराकी एलिशा अर्यालले सामसुंग मोबाईल, बुटवलका नरेश्वर भण्डारीले डिस होम सेट, नारायण गढका राजेन्द्र गुप्ता, काठमाण्डौका शेर बहादुर बस्नेत, अर्घाखाँचीकी श्रृजना आचार्य र पोखराका बिनोद केसीले आइरन उपहार पाएका छन्, भने नुवाकोटका कुमार भण्डारी र बुटवलका कालिगण्डकी निर्माण सेवाले स्टैण्ड फ्यान उपहार पाएका छन्। केडिया अगनाइजेशन अन्तर्गतको वृज सिमेन्ट उद्योग भारतको शान्ता सिमेन्ट प्रा. लि. सँगको सहकार्यमा स्थापित कम्पनी हो। वृज सिमेन्ट भैरहवा-लुम्बिनी औद्योगिक करिडोरमा अवस्थित छ। वृज सिमेन्ट उद्योगले पोर्टल्याण्ड पोजोलाना सिमेन्ट (पि.पि.सि.) र साधारण पोर्टल्याण्ड सिमेन्ट (ओ.पि.सि) दुवै किसिमका सिमेन्ट उत्पादन र बिक्री वितरण गर्दै आइरहेको छ।

**आकर्षक घडेरी विक्रीमा**

भैरहवाको मुटु सिद्धार्थनगर नगरपालिका वडा नं.– ९ स्थित प्रभातपथमा, राजमार्गदेखि १०० मिटर भित्र ३५ धुर आकर्षक जग्गा (घरसहित) विक्रीमा रहेकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

*नोटः कृपया दलालले कष्ट नगर्नुहोला ।*

सिधा सम्पर्कः ९८५७०२३७३६

**हार्दिक बधाई तथा शुभकामना**

भैरहवाबाट **न्यूज ओके** साप्ताहिक पत्रिकाले आफ्नो प्रकाशन शुभारम्भ गरेकोमा पत्रिकाको निरन्तरताको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं। साथै यस क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक महत्वका विषयलाई प्राथमिकताकासाथ उठान गर्न सकोस्।

खेमराज गुरुङ
अध्यक्ष

एवं

**लिस्नु युवा क्लब**
कोटिहवा, रूपन्देही

**हार्दिक बधाई तथा शुभकामना**

भैरहवाबाट **न्यूज ओके** साप्ताहिक पत्रिकाले आफ्नो प्रकाशन शुभारम्भ गरेकोमा पत्रिकाको निरन्तरताको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं। साथै यस क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक महत्वका विषयलाई प्राथमिकताकासाथ उठान गर्न सकोस्।

हरिश सेठिया
प्रबन्ध निर्देशक
**भैरव ट्रेडिङ्ग**
बैंकरोड, भैरहवा

**हार्दिक बधाई तथा शुभकामना**

भैरहवाबाट **न्यूज ओके** साप्ताहिक पत्रिकाले आफ्नो प्रकाशन शुभारम्भ गरेकोमा पत्रिकाको निरन्तरताको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं। साथै यस क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक महत्वका विषयलाई प्राथमिकताकासाथ उठान गर्न सकोस्।

प्रो. तेजु खत्री
**अमृत कोल्ड स्टोर्स**
देवकोटाचोक, भैरहवा

सुरेन्द्र क्षेत्री
**समाजसेवी**
बेलहिया, भैरहवा

प्रो. रतन थकाली
**होटल डाँफे**
कालिकापथ, भैरहवा

प्रो. श्रीचन्द्र गुप्ता
**गुजराती समाज सार्क टूर एण्ड ट्राभल्स**
बेलहिया, भैरहवा

**न्यूज ओके पत्रिकालाई सफलताको शुभकामना**

कोशिष बहादुर खड्का
प्रबन्ध निर्देशक

THE EVERYBODY FITS CENTER

TEBF
THE EVERYBODY FITS CENTER
Estd. 2071
Bhairahawa

4 years to Adult

"द एभरीबडी फिट्स सेन्टरको प्रतिबद्धता"
"बौद्धिक, शारीरिक तथा मानसिक रूपमा अग्रता"



Narayan Path - 8, Siddharthanagar
Rupandehi, Nepal
Contact - 071-525348
Mob.: 9857024402, 9881702003, 9847030376
E-mail : everybody.fitscenter@gmail.com

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# सम्पादकीय

## ‘स्क्रब टाइफस’मा सतर्कता अपनाउ

*पछिल्लो समय स्क्रब टाइफस नामक रोगले देशमा सन्त्रास फैलाएको छ । गत वर्ष देखि आधिकारिक रूपमा नेपालमा फेला परेको भनिएको यो रोगबाट नेपालमा अहिले पछिल्लो समयमा तीनजनाको ज्यान गइसकेको छ । नेपालको पूर्वी भाग सँगै मध्यभागमा पनि यसको संक्रमण देखिन सुरू भएको छ । चितवन, भोजपुर र संखुवासभाका तीन जना विरामीको उपचारका क्रममा निधन भइसकेको छ भने ७६ जनामा यो रोगको संक्रमण देखिएको छ । गत वर्ष भदौ १७ गते नेपाल भित्रिएको यो रोग सरकारी स्तरबाट पुष्टी भएको थियो । सामान्य एन्टिबायोटिक औषधीले निको हुने यो रोगबारे जनचेतना फैलाउन नसक्दा र रोगको बारेमा आम नागरिकमा जानकारी नहुँदा अहिले धेरै भन्दा धेरै मानिसहरूमा यो रोगको संक्रमण फैलन सक्ने संभावना बढेको छ । संक्रमणकै कारण गत साउन २५ र २६ गते बोया(३ भोजपुरका तीन वर्षीय मौसम विक तथा वाला, संखुवासभाका १५ महिने बालक संयोग राईको वी.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारका क्रममा मृत्यु भइसकेको छ ।*

*अन्य उमेरक भन्दा पनि बालबालिकामा छिटो संक्रमण हुन सक्ने संभावना बढी छ । यद्यपी सरकारले सचेतना अपनाउन सम्बन्धित निकायलाई निर्देश दिइसकेको छ । ता पनि सबै ठाउमा प्रभावकारी ढंगले यो रोगाको बारेमा जानकारी आम नागरिकले अहिले पाउन नसकेको गुनासो आइरहेकोले सरकारी तह र सबै सरोकारवालाले छिटो भन्दा छिटो यो रोगबाट कसरी बच्न सकिन्छ, भनेर आम नागरिकमा सूचना पठाउन जरूरी देखिन्छ । सामान्य एन्टिबायोटिक औषधिले निको हुने यो रोगबारे अनभिज्ञ धेरै रहेको पाइन्छ जसले गर्दा समयमै चिकित्सकहरूकहाँ बिरामी जाने गरेका छैनन् । अहिले धादिङ्ग, नुवाकोट, दाङ, चितवन, धनगढी, लगायतका देशभरका २० भन्दा बढी जिल्लामा यसको संक्रमण देखिएको छ । मुसा, छुचुन्द्रो लगायतका जीवहरूबाट सर्ने यो रोग ‘रिकेटसिया’ नामक एक व्याक्टेरियाका कारण मानिसमा सर्ने गर्छ ।*

*यो रोग मुसा, छुचुन्द्रोमा लगायतमा पाइने ‘माइट’ भनिने किर्नाका माध्यमबाट मानिसमा सर्दछ । विशेषगरी झार, चौर, घासपात, पुरानो काठहरूमा बस्ने यस्ता किर्नाले सो व्याक्टरिया मुसाबाट मानिसमा सारेपछि मानिसहरू यसबाट संक्रमित बन्छन् । यो रोग गत वर्ष भदौ १३ गते नेपाल भित्रिएको सरकारी स्तरबाट समेत प्रमाणित भइसकेको छ । निरन्तर ज्वरो आउने, टाउको दुख्ने,पसिना आउने, थकाई लाग्ने, कमजोर महसुस हुने, खोकी लाग्ने, आँखा वरिपरी दुख्ने, घाँटी वरिपरीका ग्रन्थीहरू सुन्निएर गिर्खा पर्ने लगायतका लक्षणहरू देखिएको पाँच दिन देखि सात दिन भित्र घाँटी वरिपरी रातो बिबिरा देखिने गर्छ, जुन क्रमश पेट, हात, खुट्टा तथा अनुहार लगायतका शरीररका अन्य भागमा फैलन्छ । रोगको लक्षण देखिएको सुरू मै उपचार भए निको हुने तर सुरूमै उपचार नगरीएमा यसले भयावह परिणाम निम्त्याउन सक्छ । विशेषगरी सास फेर्न अप्ठेरो हुने, मृगौलाले काम गर्न छोड्ने र अन्त्यमा यस रोगले दिमागमा समेत असर गरेर विरामीको मृत्यु समेत गराउन सक्ने भएकाले सरोकारवाला निकायले यो रोगप्रति बेलैमा सचेतना र सतकर्ता अपनाउन जरूरी देखिन्छ ।*

### पाठक वर्गमा अनुरोध

यस न्यूज ओके राष्ट्रिय साप्ताहिकमा आफ्ना लेख, रचना पठाई सहयोग गर्नु हुनु अनुरोध छ । साथै तपाईंको लेख, रचना प्राथमिकताका साथ प्रकाशित गरिनेछ ।

सम्पर्कः न्यूज ओके साप्ताहिक
देवकोटा चोक, भैरहवा, इमेलः newsok52@gmail.com

# सन्देश जनै पूर्णिमा (रक्षाबन्धन) पर्वको



ब्रह्माकुमारी शान्ति

**निस्वार्थ प्रेम, अहिंसा, विश्व बन्धुत्व तथा करूणाको सुवासित पुष्पहरूले पल्लवित तथा सद्भावनाको आँचलमा मानवतालाई सुरक्षित गर्न नेपालमा मनाइने विभिन्न चाडपर्वहरू मध्येको एक महत्वपूर्ण पर्व रक्षाबन्धनमा मानवको रक्षा कवच लुकेको पाइन्छ ।**

जनैपुर्णिमा अर्थात रक्षाबन्धन । श्रावण महिनाको सुरूवातसँगै हिन्दु धर्मावलम्बीहरू वडा हर्ष र उत्साहका साथ बन्धनमा बाँधिने तयारी गर्दछन । रगीं विरंगी राखीहरूले बजार सजिसजाउ हुन्छ । बाह्मणहरू धागोको व्यवस्था गर्न तर्फ लाग्दछन् । आफ्नो क्षमता अनुसार सुन्दर राखीले दाजुभाइहरूको हात सजाउने मनसाय बोकेका दिदीबहिनीहरूको बजारमा चहलपहल बढ्दछ । व्यापारीहरू रक्षाबन्धनको मौकामा ग्राहकलाई आकर्षित गर्नमा व्यस्त देखिन्छन् । रक्षाबन्धन पर्वको दिन नजिकिदैं गर्दा समाजमा यसको ठुलो प्रभाव देखिन्छ । यसरी श्रावण शुक्ल पक्षको पूर्णिमाको दिन हिन्दु धर्मावलम्बीहरू बडो महत्वका साथ रक्षाबन्धन पर्व मनाउने गर्दछन् । तर आज बुझ्न आवश्यक छ की-प्रति वर्ष बाँध्दै आइरहेको रक्षासुत्र अर्थात् धागो किन बाँधिन्छ, के को स्मृतिमा बाँधिन्छ अनि यसले हाम्रो के कस्तो प्रकारले रक्षा गरेको छ वा गर्दछ ! यस धागो भित्र के रहस्य लुकेको छ, यसले के महत्वपूर्ण सन्देश दिन खोजेको छ ? समाजले यसतर्फ ध्यान दिनु भन्दा परम्परा धान्न तथा पर्व मनाउने सिलसिलामा वास्तविक रहस्य र दिन खोजेको सन्देशलाई बुझी जीवनमा धारणा गर्ने प्रयास नै नगरी रक्षा सुत्रलाई स्वीकार गर्दै आइरहेको जस्तो देखिन्छ ।

धर्मशास्त्रमा इन्द्राणीले राजा इन्द्रलाई रक्षाबन्धन बाँधिन फलस्वरूप इन्द्रलाई गुमेको राज्य पुनः प्राप्त भयो भन्ने लगायतका महत्वपूर्ण कुराहरू उल्लेख छन् । वास्तवमा रक्षाबन्धन पर्व भित्र लुकेको उच्च तथा पवित्र मर्म तथा रहस्यलाई बुझेर हामीले श्रेष्ठ संकल्प तथा स्मृतिमा रहि यसलाई ग्रहण गर्दछौं भने अवश्य पनि हाम्रो जीवन सुख शान्ति, सम्वृद्धि तथा सुरक्षित बन्न सक्दथ्यो । यो मुलायम धागो त धागो नै भयो जस्ले हाम्रो रक्षा गर्न अवश्य सक्दैन तर यसको भाव र महत्व भने उच्च छ । जसलाई बुझ्न सक्यौ भने हाम्रो जीवन अवश्य पनि उच्च बन्नेछ । एकातिर यो पर्व रङ्गीचङ्गी राखी तथा जनैको साथ भव्यरूपले मनाउने चलन बढ्दो पनि छ । अर्कोतर्फ विश्वमा दिदीबहिनीहरू (नारीहरू) माथि हुने अत्याचार तथा मानव जीवनमा दुख अशान्ति असुरक्षाको वातावरण वृद्धि हुँदै गइरहेको देखिन्छ । त्यसैले अब यो बुझ्न आवश्यक छ वास्तविक रक्षासुत्र कुन हो, जसले समस्त मानवको रक्षा गर्न सक्दछ ? रक्षासुत्रको सम्बन्ध के सगं छ ? अवश्य पनि यो कुनै स्थुल रक्षाबन्धन होइन । यसको अर्थ आध्यात्मिक छ र रक्षाको नाता भगवानसँग छ । आत्मिक पवित्रताको यो बन्धन हो । त्यसैले स्वभावले बन्धनमा बस्न नरूचाउने स्वतन्त्रतालाई मन पराउने मानव खुशी यो बन्धनलाई भने स्वीकार गर्दै आइरहेको देखिन्छ । यो एउटा सुक्ष्म बन्धन हो, जसले मानवको सम्पूर्ण रूपमा रक्षा गर्न सक्दछ ।

निस्वार्थ प्रेम, अहिंसा, विश्व बन्धुत्व तथा करूणाको सुवासित पुष्पहरूले पल्लवित तथा सद्भावनाको आँचलमा मानवतालाई सुरक्षित गर्न नेपालमा मनाइने विभिन्न चाडपर्वहरू मध्येको एक महत्वपूर्ण पर्व रक्षाबन्धनमा मानवको रक्षा कवच लुकेको पाइन्छ । यस संसारका मानवहरूको सामाजिक मर्यादा नै समाजको उन्नती तथा अवनतीको कारण बनेको हुन्छ । जुन समाजमा मर्यादाहरूको बन्धन हुँदैन त्यहाँको सामाजिक व्यवस्था, मर्यादित, मानविय संवेदना छिन्न भिन्न हुन पुग्दछ । मानवको उपाधि त हुन्छ तर त्यसको स्वरूप भने झल्कदैंन । आज रक्षाको संकट केवल नेपालमा मात्र हैन विश्व स्तरमा नै डरलाग्दो रूपमा बढ्दै गइरहेको छ । प्रायः सबै मानवहरू भयभित देखिन्छन् । रक्षा चाहे स्वयम्को होस् या समाज या देसको सबै यस परिधीबाट बाहिर छैनन् । वर्तमान समय यस्तो जुन असहज स्थिति उत्पन्न भएको छ त्यसको कारण यही हो की मानव स्वयम्को तथा सामाजिक मर्यादालाई तोडदै स्वच्छन्द बन्ने चाहनामा पिडक, हिंसक बनिरहेको छ । यस्तो परिवेशमा व्यक्तिगत तथा सामाजिक रूपान्तरणका लागि रक्षाबन्धन पर्वको एकदमै महत्वपूर्ण भूमिका रहन्छ ।

आजको बदलिँदो परिवेश तथा भौतिकताको चकाचौधमा मानवको बदलिँदो जीवनशैली तथा पाश्चात्य संस्कृतिको प्रभावले यस पवित्र पर्वलाई पनि धमिलो बनाइदिएको स्थिति हामी सामु छर्लङ्ग छ । अब त केवल औपचारिकता मात्र पुरा गर्न थालिएको छ । रक्षासुत्रको रूपमा महङ्गा तथा डिजाइनदार राखीको प्रयोग गरिन्छ तर त्यसमा आध्यात्मिक शक्ति, प्रेम, मर्यादाको शक्ति भने शुन्य छ । अव त केवल परम्पराको नाममा ब्राह्मण तथा दिदीबहिनीहरूले यजमान तथा दाज्युभाइको हातमा धागो/राखी बाँधि दिन्छन, अनि दाज्युभाइ/यजमानले यसको बदलामा केही पैसा तथा उपहार आदि लिएर इती श्री गरिदिन्छन ।

यतिमा नै सिमित छ रक्षाबन्धन पर्व त्यसैले सोच्नु पर्ने बेला आएको छ समाजमा बढ्दो असुरक्षा, हिंसा, अत्याचार तथा पाप कर्मको बिगबिगीलाई रक्षाबन्धन पर्वले के कसरी सुरक्षा दिन सक्छ ? टुट्दै गएको पवित्र पारिवारीक तथा



सामाजिक मर्यादालाई बलियो पार्न, भाइचारा, आपसी सद्भाव कायम राख्न तथा विभिन्न विषय वासनाजन्य विकृति रोक्नका लागि रक्षाबन्धन पर्वलाई सहि अर्थमा मनाउनु आवश्यक देखिन्छ । आध्यात्मिक दृष्टि तथा आत्मिक नाताले हेर्ने हो भने हामी सब एक पिताका सन्तान हौं । सारा विश्व एक परिवार हो । हामी आत्मा आत्मा भाइ भाइ हौं । यो पवित्र स्नेह, पवित्र दृष्टि तथा पवित्र सम्बन्ध बनाई राख्नु (स्थापित गर्नु ) नै सच्चा रक्षाबन्धन बाँध्नु हो । हातमा बाँधिने यो धागो सुक्ष्म पवित्र दृष्टि वृत्तिको प्रतिक हो ।

संसारका रचयीता कल्याणकारी परमपिता परमात्माका हामी सन्तान सबै मानव आत्माहरू आपसमा भाइ बहिनी नै हौं । किनकी आत्मिकरूपमा हामी सबैका पिता एउटै परमात्मा हुनुहुन्छ । यस नाताले हाम्रो आपसमा भाइ भाइ तथा दाज्युभाइ दिदीबहिनीको पवित्र सम्बन्ध छ । यस कारण भुगोल, भाषा, जाती, वर्ण, रूपरङ्ग तथा धर्म आदिको घेराबाट माथि उठेर हरेकलाई राखी बाँधि त्यसलाई दृढ संकल्पबाट आफु तथा अरूको समेत रक्षाको मजबुत संकल्प गर्नुपर्दछ । रक्षाबन्धन बाँधेर बदलामा एक आपसमा सदगुणहरू को लेनदेन गरौं त अपराधमुक्त तथा सद्भावनापूर्ण नयाँ समाज निर्माणको शुभ विचार पुरा हुन सक्दछ । खराबी तथा आसुरी वृत्तिहरू बाट आफैलाई रक्षा गर्ने दृढ संकल्प लिँउ । सामाजिक मर्यादाहरू सुखदायी तथा स्नेहील पुष्पहरूले पल्लवित हुन सक्छ । यस पर्वलाई हामी सबै मिली सद्भावना तथा शान्तिपुर्ण समाजको निर्माण हुन सक्ने रूपमा मनाउनु आवश्यक छ । जब हामी सच्चा हृदयले सर्वमान्य ज्योतिस्वरूप शिव परमात्मालाई याद गर्दछौं र आध्यात्मिक चिन्तनमा लाग्दछौं भने परमात्माबाट स्वतः सुख, शान्ति, आनन्द, प्रेम, पवित्रता, शक्ति प्राप्तिका साथै आन्तरिक सुरक्षाको अनुभुति हुन्छ ।

यस संसारबाट आसुरीयतालाई केवल ईश्वरीय शक्तिको माध्यमले नै समाप्त पार्न सकिन्छ । अनि हराउँदै गइरहेको मानवीय नातालाई आपसी प्रेम, मर्यादा तथा सद्भावनाको बलियो सुत्रमा बाँध्न सकिन्छ । त्यसैले सम्पुर्ण दाज्युभाइ तथा दिदिबहिनीहरूलाई मर्यादा र पबित्रताको सुत्रमा बाँध्न प्रेरित गरी रक्षाबन्धनको धागोलाई हातमा बाँधी स्नेह सम्पन्न फुल आत्म स्मृत्ति तथा विजयको टिका लगाई स्वयम्लाई सुख शान्तिको पथमा अग्रसर गराऔं तथा स्नेह सहयोग र परोपकारको उपहार दिऔं । साथसाथै मिठो बोली रूपि मिठाई बाडी मानवीय नातालाई मजबुत पारौं ।

वर्तमान समय धर्मशास्त्रमा भनिए अनुसारको धर्मको अति ग्लानीको समय चलिरहेको छ । मानव आत्माको माथि विकारको गहिरो प्रभाव भएकोले असुरक्षित महशुस हुन्छ, चारैतिर भएको वातावरण सृजना भएको छ । यस्तो समयमा हामी आत्माहरूका पिता सर्वमान्य ज्योतिस्वरूप परमात्मा शिवले मानविय तनको आधार लिई आध्यात्मिक ज्ञान र राजयोगको शिक्षा दिनुहुन्छ । ज्ञानको तेस्रो नेत्रको सत्य रहस्य बताउनु हुन्छ, जसबाट मानव आत्मा भय र असुरक्षाको वातावरण बाट बाहिर आउन थाल्दछ । खुशी शान्ति र सन्तुष्टिको अनुभुति हुन थाल्दछ । नयाँ विचार, नयाँ दृष्टिकोण प्राप्त हुन्छ । एक अर्का प्रतिको पुरानो दृष्टिवृत्ति परिवर्तन हुन थाल्दछ । शिव परमात्माले दिनुभएको आध्यात्मिक ज्ञान र राजयोगको शिक्षामा शान्ति र सत्यको आधार छ, पवित्रताको व्रत छ । पवित्रताको व्रतद्वारा सत्ययुगी सृष्टिको स्थापना हुन्छ । यो सत्यताको व्रत गर्नाले हामी सुरक्षित हुन्छौं । जसले मन्सा बाचा कर्मणा राम्रो र श्रेष्ठ कर्म गर्दछ उसको रक्षा उसको कर्मले गर्दछ । रोग विपत्ति निर्धनता आदि अनेक आपत विपत मनुष्यका आफ्नै कर्मका प्रतिफल हुन । जबसम्म हामी आफ्नो स्वभावलाई सुधार्दैनाँ, दिव्य बनाउदैनाँ तबसम्म हाम्रो रक्षा हुन कठिन छ ।

समाजलाई यी यिनै महत्वपूर्ण सन्देश दिन, मानवीय मूल्य र संस्कृति रक्षा गर्न, सकारात्मक चिन्तन र श्रेष्ठ कर्म गर्ने प्रेरणा दिन, पवित्र स्नेह एवम् आपसी सद्भावको सन्देश छर्न, , यो महत्वपूर्ण रक्षाबन्धन (जनैपूर्णिमा) पर्व ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले नेपाल, भारत लगायत विश्वका १४० देशमा सेवारत आफ्ना ९ हजार भन्दा बढी शाखा उपशाखाहरूमा भव्यरूपले मनाउने गर्दछ । जसमा समाजका सबै क्षेत्र र वर्गका आस्थावान श्रद्धालुहरू सहभागी हुने गर्दछन् ।

रक्षाबन्धन पर्वको अवसरमा ब्रह्माकुमारी संस्थामा आयोजना हुने कार्यक्रममा तपाईलाई पनि हार्दिक निमन्त्रण छ । कार्यक्रममा सहभागी भई ब्रह्मचारिणी, राजयोगिनी ब्रह्माकुमारी दिदीबहिनीद्वारा रक्षाबन्धन (राखी) ग्रहण गरी विभिन्न विकार, विकृति, अपवित्रता आदिबाट स्व को रक्षा, चेलीबेटीहरूको रक्षा तथा समस्त समाजकै रक्षा गर्न अग्रसर बनौं । परम पवित्र, सर्वमान्य ज्योतिस्वरूप शिव परमात्माको सत्ययुगी, सुखदायी, पवित्र विश्व बनाउने महान् अभियानमा सहयोगी बन्न सकौं । यही आग्रह अनि रक्षाबन्धन पर्वको शुभकामना तपाईलाई । ओम्शान्ति ।

*(लेखक ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, भैरहवाको क्षेत्रीय प्रमुख हुन् ।)*

# तीज र यसका राम्रा नराम्रा पक्षहरू



लक्ष्मी खतिवडा

**पहिला-पहिला हरितालिका तीज भनेपछि गीतहरू पनि त्यस्तै प्रकारका हुन्थे, सूनिरहुँ जस्ता । बुहार्तन सहनुपरेको, शारिरीक वा मानसिक यातना सहनुपरेको कुरालाई नै गीतका माध्यमले पोखिन्थे, अहिलेका तीजका गीत कस्ता हुन्छन् भने मानौं कसैको बिहेमा रत्यौली खेल्न बनाएका जस्ता ।**

हिन्दु नारीहरूको महान् पर्व हरितालिका तीज नजिकिँदै गर्दा कुन चाहीँ नारीको मन रमाउँदैन होला र ? साँच्ची नै धार्मिक र सांस्कृतिक रूपले महत्वपूर्ण मानिएको पर्व हरितालिका तीज आउँदै गर्दा सबैको मनमा उमङ्ग छाएको छ,बजारमा चहलपहल सुरू भइसकेको छ । सबैतिर रङ्गीचङ्गी कपडाहरू र श्रृङ्गारका सामानहरूले सजाइएका छन् । व्यापारीहरू हरितालिका तीजको मौकामा ग्राहकलाई आकर्षित गर्नमा व्यस्त देखिन्छन् । सबैको मन हर्षित भएको छ ।

हरितालिका तीज हिन्दु नारीहरूको पहिचान झल्काउने पर्व हो भन्दा फरक नपर्ला किनकि यस मानेमा फरक नपर्ला कि वर्षभरि अन्य पोशाकमा आफूलाई फिट देख्ने नारीहरू आफूलाई सारीमा सजाइरहेका हुन्छन्, अनि सोह श्रृङ्गारमा पनि सजाइरहेका हुन्छन् । हरितालिका तीज भाद्र द्धितीयामा सुरू हुन्छ दर खाने कार्यक्रमका साथ । मध्यरातमा उठेर मीठो मीठो पकाएर दर खानुको छुट्टै आनन्द हुन्छ,भोलिपल्ट तीजको दिन निराहार,निर्जला ब्रत बस्नको लागि राति उठेर दर खाइन्छ र भोलिपल्ट तीजको दिन बिहानै उठी नदी, तलाउ वा नदी, तलाउ सम्भव नभए धारामा नै नुहाएर मन्दिरमा गई पूजा गर्ने चलन छ । विवाह भएको नारीहरूले आफनो श्रीमानको दीर्घायू, सूस्वास्थ्य, सन्तान प्राप्ती र सन्तानको सूस्वास्थ्यको कामना गर्दै र विवाह नभएकाले राम्रो श्रीमान पाउँ भनी वर माग्ने भन्ने चलन छ । तीजको दिन कतिपयले त पानी, फलफूल खान्छन् तर कतिपयले पानी पनि नखाई ब्रत गर्दछन् त्यस्तो गर्नु अवश्य पनि राम्रो होइन आफनो स्वास्थ्य हेरिकन पानी फलफूल खान सकिन्छ, सबैभन्दा ठूलो कुरा आफनो स्वास्थ्य हो भन्ने कुरा हाम्रा सबै आमा, दिदी, बहिनीहरूले बुझ्न जरूरी छ । तीजको भोलिपल्ट चतुर्थी पूजा सकेपछि मात्र खाना खाइन्छ, फेरि त्यसको भोलिपल्ट पञ्चमीको दिन सप्तर्षीको पूजा गरिसकेपछि तीज सकिन्छ ।

पहिला-पहिला हरितालिका तीज भनेपछि गीतहरू पनि त्यस्तै प्रकारका हुन्थे, सूनिरहुँ जस्ता । बुहार्तन सहनुपरेको, शारिरीक वा मानसिक यातना सहनुपरेको कुरालाई नै गीतका माध्यमले पोखिन्थे, अहिलेका तीजका गीत कस्ता हुन्छन् भने मानौं कसैको बिहेमा रत्यौली खेल्न बनाएका जस्ता । जस्ता पनि तीजका गीत हुन थाले जसले जस्तो बनाएर गाएपनि भो । हरितालिका तीज भन्ने चाड विशेष रूपले महिलाहरूको लागि मात्र भनिन्छ तर पुरूषहरूले गाइरहेका छन्, गाएमात्र त ठिकै थियो कसै कसैले उच्छृङ्खलता समेत थपिदिएका छन्, यो पक्ष अलि नराम्रो हुँदै गइरहेको छ ।

अर्को कुरा भन्ने हो भने तीज आउनुभन्दा पहिलेदेखि नै बजारमा तीजको चहलपहल सुरू भईसकेको छ,दर खाने कार्यक्रम रे,त्यो पनि तडकभडकका साथ । महिलाहरू जम्मा हुने महङ्गा महङ्गा गहना लगाएर तेरो त्यस्तो मेरो यस्तो भन्दै महङ्गा होटलहरूमा तीजको दर खाने कार्यक्रम रे । हुने खाने क्षमतावान् मानिसहरूलाई त ठिकै होला समय पनि कटिरहेको होला रमाइलो पनि भइरहेको होला तर नसक्नेलाई त गाह्रो होला नि ? आज एउटाले ठूलो होटलमा तीजको दर खाने कार्यक्रम राख्यो भोलि अर्काको पालो आउला सबै क्षमतावान् त हुँदैनन् अनि नसक्नेले त भोलि ऋण गरेर भएपनि अरूलाई देखाउन दर खाने कार्यक्रम गर्नैपर्यो, अरूसँग सामेल हुनै पर्यो ।

यसले गर्दा हिन्दु नारीहरूको महान् पर्व हरितालिका तीजमा झन् भन्दा झन् पछि विकृति फैलिँदै गइरहेको छ, त्यसरी ठूला ठूला होटलहरूमा दर खाने कार्यक्रम राख्दैमा तीज आउने र रमाइलो हुने पनि होइन र कार्यक्रम नराख्दैमा तीज नआउने र नरमाइलो हुने पनि होइन, दिदीबहिनीहरू एकापसमा भेट भएर नाचगान गरी तीजलाई रोमाञ्चक बनाउन सकिन्छ, तर तीजको बेलामा मात्र । हामीले हाम्रो संस्कार र संस्कृतिको संरक्षण गर्न जान्नुपर्छ, यस्तै तडकभडक गर्दै जाने हो भने हरितालिका तीज भन्ने पर्व नै हामीबाट लोप भएर जाने स्थिति नआउला भन्न सकिन्न ।

*बि.पी. पथ, भैरहवा*

## ३० दिनमै उत्पादन

*च्याउ लगाएको ३० दिन पछि उत्पादन दिन सुरू गर्दछ । कन्ये च्याउको मात्र खेती हुँदै आएको रूपन्देहीमा मिल्की च्याउको उत्पादन पछि अब अन्य जिल्लाबाट च्याउ ल्याउन पर्ने बाध्यता तर्ने व्यापारीहरू बताउँछन् । सेतो मिल्की च्याउबाट अन्य जातको च्याउले भन्दा बढी आम्दानी लिन सकिन्छ । १ किलो परालमा राखेको बिउबाट १५ सय ग्राम सम्म उत्पादन लिन सकिने हुँदा कम लागतमा उत्पादन राम्रो मिल्ने स्पन्जर फर्मका अध्यक्ष गंगाधर शर्माले बताए । च्याउको माग दैनिक रूपमा बढ्दै गएपछि रूपन्देहीमा च्याउ खेती गर्ने किसानहरू बढ्दै गएका छन् ।*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# जाडो मौसममा मात्र गरिँदै आएको च्याउ खेति अब गर्मीमा पनि

### कम लगानीमा आम्दानी बढी हुने भएपछि किसानहरू आकर्षित

**भुवन पाण्डे**
भैरहवा ।

च्याउ उत्पादन गर्न ३० डिग्री तापक्रम देखि तल राम्रो मानिने हुँदा तराई भेगमा कात्तिक देखि फागुनसम्म सिजनल खेती गरिन्छ । २५ देखि ३० डिग्री तापक्रममा च्याउको राम्रो उत्पादन दिन सकिन्छ ।

तराईमा विशेष गरी कन्ये र गोब्रे च्याउको खेती गरिदैं आइएको छ । वर्षको ३, ४ महिना मात्र उत्पादन लिन सकिने भएकाले अन्य समयमा पहाडी जिल्लाहरूबाट तराईमा च्याउ आउने गर्दछ । च्याउको माग दैनिक रूपमा बढ्दै गएपछि कन्ये र गोब्रे च्याउको बिकल्पमा अन्य तापक्रममा पनि उत्पादन हुने सेतो मिल्की च्याउको परीक्षण रूपन्देहीको स्पन्जर च्याउ फर्ममा वि.स. २०७१ साल भदौमा गरियो । ३७ देखि ४२ डिग्री तापक्रमसम्ममा राम्रो उत्पादन लिन सकिने २ वर्षसम्म गरिएको परिक्षणबाट देखिएपछि यो वर्षदेखि व्यवसायिक खेतीतिर लागेको रूपन्देहीको गजेडीमा रहेको स्पन्जर च्याउ फर्मका अध्यक्ष गंगाधर शर्माले बताए ।

२०६९ सालमा ७० हजारको लगानीमा एउटा टहराबाट कन्ये च्याउको सुरूवात गरेका थियौं, फर्ममा अहिले ७ वटा तहरा छन् । वार्षिक १२, १३ लाख आम्दानी हुन्छ, अध्यक्ष शर्माले बताए । च्याउ मुटु रोगी, क्यान्सरका रोगी लगायतलाई लाभदायक हुने, सतप्रतिशत अर्गानिक र शाकाहारीको उच्च स्तरको खाना मानिने भएकाले बजारमा यसको माग बर्षेनी बढ्दै गएको छ । माग बढेसँगै अन्य सिजनमा रूपन्देहीका होटल व्यवसायी तथा व्यापारीहरूले पाल्पा, काठमाडौं लगायतबाट च्याउ खरीद गर्ने गरेका छन् । सेतो मिल्की च्याउ तराईको गर्मी मौषममा पनि उपयुक्त देखिएपछि यो वर्ष देखि अन्य किसानहरूले पनि खेती गर्न सुरू गरेका छन् ।



जाडोमा मात्र ३ महिना खेती गर्दै आएको थिए, अब गर्मीमा पनि च्याउको खेती गर्न सकिने भयो, व्यवसायिक रूपमा च्याउ खेती गर्दै आएका गोनाहाका किसान शम्शेर सिंह रानाले बताए । च्याउ खेती प्रविधि तथा अनुसन्धान गर्ने संस्था नेपाल कृषि अनुसन्धान केन्द्र खुमलटारले सेतो मिल्की च्याउको सामान्य प्रचार गरिरहे पनि काठमाडौंमा यसका लागि उपयुक्त वातावरण नरहेकोले तराईका किसानहरूसँग सेतो च्याउबारे कुनै जानकारी पुग्न सकेको थिएन । स्पञ्जर च्याउ फर्मका सञ्चालकहरू आफै नार्कमा गइ सेतो च्याउको बारेमा जानकारी लिएपछि रिसर्चका लागि लगाउन सुरू गरेको फर्मका प्रबन्ध निर्देशक राजन शर्माले बताए ।

पहिलो पटक तराईमा उत्पादन सुरू गरेको सेतो मिल्की च्याउ खेतीको सम्भावना महत्व र बजारीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरेरै फर्मले पत्रकार, होटल व्यवसायी, किसान, उपभोत्ता लगायतलाई जानकारी गरायो । रूपन्देहीमा सिजनको बेलामा घरपरिवारको प्रयोग लागि च्याउ खेती गर्ने १० हजार बढी रहेको कृषि विकास कार्यालयले बतायो त्यस्तै व्यवसायिक रूपमा च्याउ खेती गर्ने किसानको संख्या ३ सय बढी रहेको छ । यो साल देखि रूपन्देहीका ५ जना अन्य व्यवसायिक किसानहरूले पनि सेतो मिल्की च्याउको खेती सुरू गरेका छन् । अब किसनहरू वर्षको १० महिनानै च्याउको खेती गर्न सक्दछन् ।

च्याउ लगाएको ३० दिन पछि उत्पादन दिन सुरू गर्दछ । कन्ये च्याउको मात्र खेती हुँदै आएको रूपन्देहीमा मिल्की च्याउको उत्पादन पछि अब अन्य जिल्लाबाट च्याउ ल्याउन पर्ने बाध्यता तर्ने व्यापारीहरू बताउँछन् । सेतो मिल्की च्याउबाट अन्य जातको च्याउले भन्दा बढी आम्दानी लिन सकिन्छ । १ किलो परालमा राखेको बिउबाट १५ सय ग्राम सम्म उत्पादन लिन सकिने हुँदा कम लागतमा उत्पादन राम्रो मिल्ने स्पञ्जर फर्मका अध्यक्ष गंगाधर शर्माले बताए । च्याउको माग दैनिक रूपमा बढ्दै गएपछि रूपन्देहीमा च्याउ खेती गर्ने किसानहरू बढ्दै गएका छन् ।

बुटवल-भैरहवा लगायतका क्षेत्रमा ठुला ठुला होटल रेण्टुरेष्ट बन्नु, तीनमा बढी भन्दा बढी च्याउको माग हुनुले पनि किसानहरू च्याउ खेती गर्न हौसिएका छन् । कृषि प्राविधिकहरूका अनुसार च्याउ खेतीका लागि धेरै लगानी र मेहनत गर्नु पर्दैन । खासै नयाँ प्रविधि पनि चाहिन्न । ठूलो जग्गा वा क्षेत्र पनि चाहिदैंन । बीउ किनेर ल्याए आफ्नै घर तथा गोठको अध्यारो कोठामा खेती गर्न सकिन्छ । एक पटकको बीउले तीन देखि चार महिनासम्म आम्दानी लिन सकिन्छ । यसैले जग्गा नहुने र धेरै लगानी लगाउन नसक्ने साना किसान पनि च्याउ खेतीतिर आकर्षित भएका हुन् । जिल्लामा च्याउको बीउ पाइने, उत्पादित च्याउ राम्रो बजार भाउमा घरबाटै बेच्न सकिने भएकाले पनि किसानहरूले च्याउ खेती मन पराएको जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ अधिकृत भोजराज सापकोटा बताउँछन् । जिल्ला कृषि विकास कार्यालयका बाली संरक्षण अधिकृत राम बहादुर खत्रीले धेरै जग्गा नभएपनि हुने, धेरै प्राविधिक ज्ञान नचाहिने र मुल्य पाइने तेहरो फाइदा भएकाले साना किसानहरू च्याउ खेतीमा आकर्षित भएको बताए ।

रूपन्देहीमा करिब ९ वर्ष अघिबाट व्यावसायिक च्याउ खेती सुरू भएको हो । जिल्ला कृषि विकास कार्यालयका अनुसार किसानहरूलाई च्याउ खेतीतिर प्रेरित गर्न कृषि विकास कार्यालयले छुटमा किसानलाई बीउ उपलब्ध गराउने, युवा लक्षित कार्यक्रम अन्तर्गत अनुदानका कार्यक्रम, निशुल्क तालिम तथा प्राविधिक सीप दिने गरेको छ । गएको वर्ष रूपन्देहीमा १०५ मेट्रिक टन च्याउ उत्पादन भएको कार्यालयमा तथ्यांक रहेको छ । देवदह, करहीया, पर्रोहा, शंकरनगर, गजेडी लगायतका लगायतका क्षेत्रमा पकेट क्षेत्रका रूपमा च्याउ खेती भएको छ ।

# न्यून श्रोतमा धेरै काम गर्दै धकधई सामुदायिक

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

गाउघरमा हुने दैनिक सानातिना झै झगडा सधै प्रहरीका लागी टाउको दुखाईको बिषय हुने गरेको छ । झै झगडाकै बिभिन्न उजुरी लिएर प्रहरी चौकीहरू धाउनेको संख्या उत्तिकै हुन्छ । नतिजा प्रहरी यिनै झै झगडामा अल्झिने कारण अन्य सुरक्षा सम्बन्धि बिषयमा प्रभाव परिरहेको हुन्छ ।

पछिल्लो समय सामुदायिक प्रहरीको अवधारणा आए पछि अहिले स्थानिय स्तरमा हुने सानातिना झै झगडा समुदायमा सल्टिने गरेका छन । बिशेषत: शहरी क्षेत्रमा सामुदायिक सेवा केन्द्रहरूले सेवा दिई रहेका हुन्छन । तर रूपन्देहीको पूर्वि क्षेत्र धकधईमा रहेको सामुदायिक सेवा केन्द्र स्थानिय विवाद मिलाउन अग्र स्थानमा देखिएको छ । २०६७ सालमा स्थापना भएको धकधई सामुदायिक सेवा केन्द्रले बैशाख १३ गते यता मात्रै केन्द्रमा परेका १ सय १५ वटा उजुरी मध्ये १ सय १० वटा मिलाएर पठाएको केन्द्रका प्रहरी जवान सोम बहादुर कुंवर क्षेत्रीले बताए । "केन्द्रमा आएका अधिकांश विवाद मिलाएर पठाएका छौ, हामीले हेर्न नमिल्नै प्रक्रितिका विवाद मात्र माथिल्लो निकायमा पठाउने गरेका छौं," क्षेत्रीले भने ।

रूपन्देही क्षेत्र नम्बर १ को धकधई, पटखौली, पोखरभिण्डी, पजरकट्टि, बोदवार, छिपागढ, छोटकी रामनगर र सिक्टहन गाविसका विवाद हेर्न भएकोले केन्द्रमा उजुरी लिएर आउनेको भिडभाड हुने गरेको उनले बताए ।

विवाद लिएर केन्द्रमा आउने सेवाग्राहीहरूलाई भने एक कप चिया पनि पिलाउन नसकेको धकधई सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश यादवको दुखेसो छ । केन्द्रको आफ्नो आन्तरिक श्रोत नभएको र अन्य कतैबाट श्रोत ब्यावस्थापन नहुदा केन्द्र सञ्चालन गर्न नै धौ धौ परेको उनको भनाई छ । सामुदायिक केन्द्र भएको नाताले यस क्षेत्रमा लागु औषध, बालविवाह, दहेज प्रथा आादिबारे जनचेतना मूलक कार्यक्रम गर्ने योजना रहे पनि बजेटकै अभावमा कार्यक्रमहरू सञ्चालन हुन नसकेको यादवले बताए । अपरिहार्य रूपमा कुनै कार्यक्रम गर्नै परे केन्द्रका पदधिकारी तथा दाताहरू गुहारेर कार्यक्रम गर्नु परेको उनले गुनासो गरे ।

सरकार तथा बिभिन्न गाविसले यस्ता सचेतना मूलक कार्यक्रमको लागी बजेट बिनियोजन गरे पनि त्यो लक्षित वर्ग सम्म पुग्न नसकेकोले यस्तो कार्यक्रम केन्द्र मार्फत गर्न उनले सुझाए ।

"अहिल प्रहरीको सबै भन्दा ठूलो टाउको दुखाई भनेको "नशा" हो । यसलाई हटाउन प्रहरीले अभियान थालेको छ, हामीलाई पनि अभियानमा सहभागी भै कार्यक्रम गर्ने ईच्छा हुदाहुदै बजेटकै अभावमा सकिरहेको छैनौं" यादवले भने ।

# गाविस विकासको दीर्घकालिन योजना बनाएका छौं

*रूपन्देही क्षेत्र नम्बर १ मा रहेको धकधई गाविस रोहिणी पारीका ८ वटा गाविसका केन्द्रको रूपमा रहेको छ । ८ वटै गाविसका ब्यापारीक, बित्तिय केन्द्रको रूपमा रहेको यो गाविस शहरोन्मुख हुदै गएको छ । यस गाविसमा बिभिन्न उद्योगहरू स्थापना हुने क्रम बढ्दो रहेको छ भने पछिल्लो समयमा स्थानिय निकायको परिमार्जित रूप गाउ पालिकाको केन्द्रको रूपमा स्थापना हुने चर्चा पनि चुलिएको छ । भैरहवाबाट केही मिनेटको दुरीमा रहेको यो गाविस असहले बसोबासको साथै औद्योगिक हिसाबले पनि उत्तम मानिएको छ । नगरोन्मुख यस गाविसलाई अहिले गाविस सचिव खगराज उपाध्यायले हाकी रहेका छन् । धकधई गाविसको वर्तमान अवश्था, यसको बिकास, आगामी योजना लगायत बिषय बसतु समेटिएर न्यूज ओकेका लागी* ***एमआर विश्वकर्मा****ले गरेको कुराकानीको सम्पादित अंश ।*



खगराज उपाध्याय (सचिव) **धकधई गाविस** | **न्यूज ओके** कुराकानी

**गाविसको बारेमा बताईदिनुस् न ?**

पूर्वमा छिपागढ, पशिचम बसन्तपूर, उत्तर पट्खौली र दक्षिणमा पोखरभिण्डी गाविसका बिचमा रहेको धकधई गाविसमा मधेश मुस्लिम, आादिवासी , जनजाती, लोपोन्मुख जाती पत्थरकट्टा, आदि जातीहरूको बसाई रहेको छ । यस क्षेत्रका मानिसहरूको जनजिवन खेती कृषिमा निर्भर, केही बैदेशिक रोजगार र केही ब्यापारमा आधारित छन् । नगर उन्मुख यस गाविसमा केही ठूला उद्योग र केही साना उद्योगको स्थापना भएको छ । यस गाविसको हाल खासै आन्तरिक श्रोत नभएता पनि अब आउने दिनहरूमा आन्तरिक श्रोतको परिचालन प्रशस्त हुने देखिन्छ । सदरमुकामबाट करिब १० किलोमिटर टाढा रहेको यो गाविस पूर्वमा रहेका गाविसहरूको केन्द्रको रूपमा अवस्थित यस गाविसमा ब्यापारिक केन्द्रको रूपमा पहिचान बढाउदै लगेको छ । यहा करिब १ दर्जन बढी बैंक तथा बित्तिय संस्थाहरू क्रियाशिल छन । यसका साथै गाविसमा प्रसुति सुविधा सहित प्राथमिक स्वास्थ्य केन्द्र र उच्च मावि रहेको छ । यस क्षेत्रमै स्नातक तह सम्मको अध्ययन हुने क्याम्पस पनि गाविसमा सञ्चालनमा रहेको छ ।

**नेपाल सरकारले लिएका राष्ट्रिय अभियानहरू यस गाविसमा कसरी सञ्चालन भएका छन् ?**

नेपाल सरकारले लिएको राष्ट्रिय अभियान अर्न्तगत खुल्ला दिशामुक्त घोषणाको कार्यक्रम, पूर्ण साक्षर गाविस घोषणा र पूर्ण खोप युक्त गाविस घोषणा मिति २०७२/०३/२३ मा भई सकेको छ । यस अभियानलाई यस क्षेत्रका राजनैतिक दलका प्रतिनिधिहरू, महिला स्वास्थ्य स्वयम सेविकाहरू, बुद्धिजिवि, ब्यापारी तथा सर्वसाधारणको सहयोगमा कार्यक्रम सम्पन्न गरिएको हो । आगामी दिनमा यस गाविसलाई बालमैत्री स्थानीय शासनयुक्त, अपाङ्ग मैत्री, वातावरण मैत्रीयुक्त, गाविसका प्रत्येक घरलाई धुँवारहित गर्नुको साथै गाविसलाई जातीय छुवाछुत तथा विभेद मुक्त गाविसको रूपमा अगाडी बढाउने योजना बनाएको छु । यसका साथै खुल्ल दिशामुक्त गाविस घोषणा भई सकेको धकधई गाविसलाई अबका दिनमा पूर्ण सरसफाईका बिभिन्न चरणमा लगि सम्पूर्ण सुचक पुरा गर्ने तयारी रहेको छ । तयारी स्वरूप गाविकिो वडा नम्बर २ बाट यॉ अभियानको शुरूवात समेत भई सकेको छ ।

**गाविसमा विकास निर्माणका काम कसरी अगाडि बढेका छन् ?**

नेपाल सरकारको गाविस अनुदान कार्यक्रम अन्तर्गतबाट यस गाविसलाई प्राप्त हुने अनुदान रकमबाट आर्थिक वर्ष २०७२/०७३ का विनियोजित सम्पूर्ण योजनाहरू समयमा नै शुरू भई समय सीमा अवधि भित्रै सम्पन्न भई भुक्तानी भई फरफारक भै सकेको छ । जिल्ला बिकास एवम अन्य निकायबाट प्राप्त योजनाहरू पनि सबै सम्पन्न भएका छन् । गत आर्थिक वर्षमा नै गाविस भवन निर्माण कार्य शुरू भएको र हाल उक्त भवनको निर्माण कार्य करिब ५० प्रतिशत सम्पन्न भएको छ । यस अतिरिक्त गाविसका वडाहरूमा ढल निर्माणका योजनाहरू, बाटो ग्रेवल लगायत गाविसमा रहेको बाल बिकास केन्द्र र मदरसा र सामुदायिक बिद्यालयमा पनि रकम प्रदान गरिएको थियो । यस बाहेक अहिले गाविसको नियमित काम कारवाही सम्पूर्ण रूपमा बिद्युतीय प्रणलीमा गरि रहेको छौं । गाविसमा रहेको ईलाका प्रहरी कार्यालयलाई पनि काम गर्न सहज होस् भनि कम्प्युटर सेट प्रदान गरेका छौं ।

**अहिले बजेट अनुदान बढेर आएको छ, के-के काम गर्ने योजना बनाउनु भएको छ ?**

धकधई गाविस यस क्षेत्रमा रहेका गाविसहरूको केन्द्रको रूपमा रहेको हुदन नेपाल सरकारले लिएका निति अनुरूप हालै गाउ पालिका निर्माणको योजनालाई ध्यानमा राख्दै सभाहल सहितको सबै सुविधा सम्पन्न दुई तल्ले भवन निर्माण गर्ने मूख्य प्राथमिकतामा राखेको छु । गाविसका सबै टोलमा पुग्नका लागी बाटोहरूको स्तरोन्नती गरि आवात जावतलाई सहज बनाउने लक्ष्य राखिएको छ । औद्योगिक कोरिडोर भित्र परेको यस क्षेत्रको बसोबासलाई ब्यवस्थित गर्न नयाँ बाटोहरूको निर्माण, गाविसमा भवन निर्माण हुँदा नक्शा पास गर्नु पर्ने योजना ल्याएको छु । यसका साथै गाविसमा रहेका बिभिन्न पोखरीहरूलाई ब्यवस्थित गरि पर्यटकीय स्थलको रूपमा अगाडि बढाई आय आर्जनको रूपमा बिकास गर्दै लैजाने दिर्घकालीन योजना पनि गाविसले लिएको छ । गाविसमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई २० शैयाको सुविधा सम्पन्न अस्पताल बनाउने कार्यको प्रक्रिया पनि शुरू भएको छ । गाविसका रहेको क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्ने प्रक्रिया पनि शुरू गरिएको छ ।

**अन्त्यमा ?**

रूपन्देही जिल्लामा धकधईलाई भिन्दै पहिचान दिने स्थानिय निकायको रूपमा बिकास गर्ने लक्ष्य सहित अगाडी बढेको छु । सेवाग्राहीहरूलाई छिटो र छरितो ढङ्गबाट सेवा प्रदान गर्न आवश्यक जनशक्तिको ब्यावस्था, भौतिक पूर्वाधार तथा सामाग्रीको ब्यवस्था मिलाउदै लैजानु पर्ने आवश्यकता महशुश हुने गरेको छु । यस गाविसमा गरिने सम्पूर्ण कार्यहरूमा गाविसका सम्पूर्ण राजनैतिक दलका प्रतिनिधि, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, बुद्धिजिवी, ब्यापारी लगायत सम्पूर्णलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गरि दिन यसै पत्रिका मार्फत् आग्रह गर्दछु ।

धकधई गाविस

# केन्द्रको रूपमा विकसित हुँदै धकधई

***एमआर विश्वकर्मा***
भैरहवा ।

भैरहवा-परासी-भुमहि सडक खण्डको मूख्य स्थान हो धकधई । रोहिणी पारीको क्षेत्रमा रहेका गाविसहरूको केन्द्रको रूपमा रहेको धकधई गाविस पछिल्लो समयमा बिकासमा फड्को मार्दै गएको छ । मूख्य हुलाकी मार्ग, प्रसुति सेवा सहितको अस्पताल, बहुमुखी क्याम्पस, हाटबजार, ईलाका प्रहरी कार्यालय, सामुदायिक प्रहरी केन्द्र आादि सुविधा सम्पन्न रहेको धकधई गाविस नगरोन्मुख गाविसको रूपमा रहेको छ ।

रूपन्देही सदरमुकाम भैरहवाबाट करिब १० किलोमिटर पूर्वमा रहेको धकधई गाविस रोहिणी पूर्वको गाविसहरूको मूख्य आर्थिक एवम ब्यापारीक केन्द्रको रूपमा रहेको छ । धकधई गाविसमा रहेको दर्जन बढी बित्तिय संस्थाहरूले बिप्रेषण देखी बचत र कर्जाको सुविधा समेत प्रदान गरेको छन । पछिल्लो समयमा धकधई क्षेत्रलाई सरकारले पनि औद्योगिक क्षेत्रको रूपमा बिकास गर्ने योजना लिएको गाविस सचिव खगराज उपाध्यायको भनाई छ । औद्योगिक क्षेत्रको बिकासको लागी सरकारले बिद्युतको सब स्टेशन राख्न जग्गा अधिग्रहण समेत गरि सकेको र ठूला उद्योगहरू खुल्ने क्रम शुरू भएको उपाध्यायले बताए ।

उद्योगहरू खुल्ने क्रम बढेसंगे यस क्षेत्रको जग्गाको भाउ बढ्नुको साथै गाविसको आन्तरिक आयमा पनि वृद्धि भएको गाविस सचिव उपाध्यायको भनाई छ । गाविसको आन्तरिक आयको रूपमा अहिले गाविसले चारकिल्ला सिफारीसमा जग्गाको क्षेत्रफल अनुसार सिफारिस दस्तुर निर्धारण गरेको छ भने आन्तरिक श्रोतकै रूपमा मालपोत कर, घरधुरी कर, पोखरीहरू, २ दिन हाटबजार बाहेक उद्योग तथा कलकारखानाबाट उठेका दस्तुर पनि रहेका छन ।

करिब १२ बर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको धकधई गाविसमा भने राष्ट्रिय जनगणना २०६८ अनुसार १ हजार १ सय ४ घरधुरीमा ३ हजार ४ सय ७८ पुरूष र ३ हजार ४ सय ८७ महिला गरि ६ हजार ९ सय ६५ जनाको बसोबास रहेको छ । जनघनत्वको दृष्टिले धकधई गाविसको वडा नम्बर ४ सबै भन्दा ठूलो वडाको रूपमा रहेको छ । धकधईको मूख्य चोक समेत पर्ने यो क्षेत्रमा १ सय ६५ घरधुरीमा ४ सय ९७ जना महिला र ५ सय १५ जना पुरूष गरि १ हजार १४ जनाको बसोबास रहेको छ ।

पूर्वि भेगको सदरमुकामको रूपमा रहेको यस गाविसमा मिश्रित समुदायको बसोबास रहेको छ । मधेशी समुदायको बाहुल्यता रहे पनि पछिल्लो समयमा बिभिन्न पहाडी जिल्लाहरूबाट यस गाविसमा बसाई सराई गरि आउने पहाडी समुदायको पनि उपस्थिति उल्लेख्य रूपमा रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाविसमा सबै भन्दा बढी जनसंख्या मुस्लिम समुदायको रहेको छ । गाविसमा ६ सय १४ जना महिला तथा ६ सय ८४ जना पुरूष गरि १ हजार २ सय ९८ जना मुस्लिमको जनसंख्या राष्ट्रिय जनगणना २०६८ मा उल्लेख छ । यस बाहेक यादवहरूको ८ सय १ जना, थारूहरू ६ सय ५ जना तथा दलित समुदायको २ सय २९ जना पनि यस गाविसको मूख्य वासीको रूपमा रहेका छन । गाविसमा लोपोन्मुख जाती पत्थरकट्टाहरूको पनि बसोबास रहेको गावि सचिव खगराज उपाध्यायले बताए ।

## हाम्रो गाउँ, हाम्रो शहर

नगरोन्मुख तथा अन्य गाविसको केन्द्रको रूपमा यो गाविस रहेको तथा बुद्ध परिपथको परिकल्पनामा निर्माण गरिएको मूख्य बाटोमा रहेकोले यसलाई पर्यटकिय स्थलको बिकास गर्नु पर्ने गाविसवासीको भनाई छ । गाविसलाई पर्यटकिय क्षेत्रको रूपमा बिकास गर्न अहिलेदेखी नै गाविसले आवश्यक बजेटको ब्यावस्था गनै थालेको गाविस सचिव उपाध्यायको भनाई छ । गाविसमा रहेका बिभिन्न पोखरीहरूलाई ब्यवस्थित गरि पर्यटकिय स्थलको रूपमा बिकास गर्दै आय आर्जनको रूपमा बिकास गर्दै लैजाने दिर्घकालीन योजना गाविसले लिएको गाविस सचिवले बताए ।

गाविसमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई २० शैयाको सुविधा सम्पन्न अस्पताल बनाउने कार्यको प्रक्रिया पनि शुरू भएको जानकारी दिए । उनले गाविसका रहेको क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्ने प्रक्रिया पनि शुरू गरेको कारण अबको दिनमा स्नातक तहको अध्ययनको लागी यहाको बिद्यार्थी बाहिर जानु नपर्ने बताए ।



**एनबी बैंकमा मौज्दात अनुसारको ब्याजदर**

*नेपाल बंगलादेश बैंकले एनबी गौरव बचत खाता सञ्चालनमा ल्याएको छ । बैंकले ल्याएको यो खातामा रकम राख्ने ग्राहकलाई मौज्दात रकम अनुसार ब्याजदर प्रदान गर्ने छ । बैंकका अनुसार तीनवटा श्रेणीगत मौज्दात अन्तर्गत जति धेरै मौज्दात रकम त्यती धेरै ब्याजदर प्रदान गरिने जनाएको छ । बैंकले साउन २३ गतेबाट लागु हुने गरी यो योजना ल्याएकोमा यो खातामा न्यूनतम १ लाख रूपैयाँ रकम राख्नुपर्ने बैंकले जनाएको छ । बैंकले यो खाता खोलेवापत भिसा कार्ड जारी गर्न खर्च नलाग्ने, मोबाइल बैंकिङ, अनलाइन बैंकिङ पनि निशुल्क गरिएको जनाएको छ ।*



# मर्जरपछि लगातार नाफामा नेपाल ग्रामीण विकास बैंक

**न्यूज ओके रिपोर्टर**

बुटवल ।

पाँच ग्रामीण विकास बैंकहरू पूर्वाञ्चल ग्रामीण विकास बैंक लि.विराटनगर, मध्यमाञ्चल ग्रामीण विकास बैंक लि. जनकपुर, पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि.बुटवल, मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंक लि.नेपालगंज र सुदुरपश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. धनगढी एकआपसमा गाभिएर(मर्जर) २०७१ साउन ३० गतेबाट नेपाल ग्रामीण विकास बैंक लिमिटेडका नाममा एकिकृत रूपमा कारोबार सुरू गरी लघुवित्त सेवा संचालन गर्दै आएको छ ।

एकापसमा गाभिनु अघि पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि.बुटवल बाहेक सबै नोक्सानीमा थिए । तर मर्जर पछि भने लगातार २ वर्ष सम्म बैंक नाफामा गएको छ । अन्य क्षेत्रको नोक्सानीलाई पश्चिमाञ्चल क्षेत्रको आम्दानीले गर्दा विगतको नोक्सानी घट्दै गएर बैंक २ वर्ष देखि नाफा उन्मुख हुँदै गएको छ । गरीबी निवारणमा सहयोग पुचाउने उद्धेश्यले २०४९ साल देखि २०५३ साल सम्म पाँचै विकास क्षेत्रमा ग्रामीण विकास बैंक स्थापना भएका थिए ।

पश्चिमाञ्चल बाहेक अन्य सबै ग्रामीण विकास बैंकहरू लगातार नोक्सानीमा गएपछि सबैलाई एकिकृत गर्नुपर्ने माग उठ्दै गएपछि एक सबल, सक्षम राष्ट्रिय स्तरको लघुवित्त विकास बैंक निर्माण गर्ने निर्णयसँगै नेपाल राष्ट्र बैंकले २०७१ आषाढ १९ गते क्षेत्रीय स्तरमा रहेको पाँचवटा ग्रामीण विकास बैंकहरू गाभ्ने गाभिने सम्बन्धमा अन्तिम स्वीकृत तथा इजाजत दिएको थियो । कम्पनी रजिष्ट्रार कार्यालयको कम्पनी गाभ्ने गाभिने (मर्जर) सम्बन्धी २०७१ श्रावण १४ गते को स्वीकृति पत्र अनुसार साविकका एक आपसमा गाभिएर राष्ट्रिय स्तरको नेपाल ग्रामीण विकास बैंक लि. बन्न पुगेको हो । बैंकको प्रधान कार्यालय रूपन्देही जिल्लाको बुटवल उप-महानगरपालिका वडा नं. १२ मा रहेको छ ।

**नेपाल ग्रामीण विकास बैंक लि.**
**Nepal Grameen Bikas Bank Limited**
प्रधान कार्यालय बुटवल, रुपन्देही

**मर्ज र मर्ज पछिको तुलनात्मक प्रगति विवरण**

एकीकृत कारोवार मिति : २०७१/०४/३०

| क्र.सं | विवरण | इकाई | २०७१ आषाढ | २०७२ आषाढ | २०७३ आषाढ (अपरिष्कृत) |
|---|---|---|---|---|---|
| १ | कार्यक्रम विस्तारित जिल्ला | संख्या | ५१ | ५३ | ५३ |
| २ | कार्यालय संख्या | संख्या | १८४ | १९२ | १९२ |
| ३ | कर्मचारी संख्या | संख्या | ९११ | ९२२ | ९३१ |
| ४ | सदस्य | संख्या | १८३,७५० | १९१,७८७ | २०२,८३७ |
| ५ | लगानीमा रहेको कर्जा | रु.हजारमा | ३,८७९,७४१ | ५,२२२,४३८ | ६,४११,२८७ |
| ६ | निस्कृय कर्जा प्रतिशत | प्रतिशत | ८.७७ | ५.६८ | ४.३० |
| ७ | कुल बचत | रु.हजारमा | ११९६५६२ | १४७६९४४ | १,७२५,८१० |
| ८ | सञ्चालन नाफा ( नोक्सान) | रु.हजारमा | (३०५,२३२) | २४२,१९३ | ४८२,८५० |

बैंकले गत असार मसान्त सम्म नेपालका ५३ जिल्लामा शाखा बिस्तार गरी कारोबार गर्दै आएको छ भने कुल कार्यालय संख्या अहिले १९२ वटा छन् । बैंकका सदस्यहरू (सेवाग्राही) २ लाख २ हजार ८ सय ३७ जना छन् । मर्जर सँगै लगानी समेत बृद्धि भएको छ ।

बैंकले असार मसान्त सम्म कुल ६ अर्ब ४१ करोड १२ लाख ८७ हजार रूपैयाँ लगानी गरेको छ । मर्जर हुने वर्षको असार मसान्तमा कर्जा लगानी ३ अर्ब ८७ करोड ९७ लाख ४१ हजार तथा दोश्रो वर्षमा ५ अर्ब २२ करोड २४ लाख ३८ हजार रहेको थियो । त्यस्तै गरी मर्जर पछि बचत पनि बढ्दै गएको छ । मर्जरको वर्ष १ अर्ब १९ करोड ६५ लाख ६२ हजार बचत रहेकोमा गत असार मसान्त सम्म बचत १ अर्ब ७२ करोड ५८ लाख १० हजार पुगेको छ ।

मर्जर सँगै बैंकको खराब कर्जा (निष्कृय कर्जा) पनि ५० प्रतिशतले घटेको छ । मर्जरको वर्ष ८ दशमलब ७७ रहेकोमा गत असार मसान्तमा घटेर ४ दशमलब ३० पुगेको छ । मर्जरको वर्ष ३० करोड ५२ लाख ३२ हजार नोक्सानमा रहेको बैंक यो वर्षको असार मसान्तमा आउँदा ४० करोड २८ लाख ५० हजार सञ्चालन नाफा गर्न सफल भएको बैंकका प्रमुख कार्यकारी अधिकृत धर्मराज पाण्डेले जानकारी दिए ।

**गभर्नर डा. चिरन्जिवी नेपालद्वारा बैंकको प्रशंसा**

एकिकृत कारोबार सुरू गरेको दिन साउन ३० गते नेपाल ग्रामीण विकास बैंकले दोश्रो बार्षिकोत्सब मनाएको छ । बार्षिकोत्सबको उदघाटन गर्दै प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरन्जिवी नेपालले मर्जर पूर्व कठिन अवस्थामा गुज्रिएका क्षेत्रीय स्तरमा रहेका ग्रामीण विकास बैंकहरू मर्जर पश्चात बनेको नेपाल ग्रामीण विकास बैंक लगातार २ वर्ष देखि नाफामा सञ्चालन हुनु महत्व पूर्ण उपलब्धी रहेको बताए ।

उनले नेपालमा ४० प्रतिशत जनतामा मात्र औपचारिक रूपमा वित्तीय क्षेत्रको पहुँच रहेको र अझै पनि ६० प्रतिशत जनतामा औपचारिक रूपमा वित्तीय क्षेत्रको पहुँच नरहेको वर्तमान अवस्थामा विकट र दुर्गम ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुयाउन नेपाल ग्रामीण विकास बैंकको योगदान महत्वपूर्ण हुने जनाए ।

नेपालमा अझै पनि विपन्न वर्गको अवस्थामा सुधार नआइ सकेको हुँदा बाणिज्य बैंकहरूलाई २ प्रतिशत सिधैं विपन्न वर्गमा जानुपर्ने व्यवस्था मौद्रिक नीतिमा गरिएको र आउँदो दिनमा चुनौती भए पनि यो निर्णय देशको आवश्यकता लागि गरिएको हुँदा यो निर्णयबाट केन्द्रिय बैंक पछि नहट्ने बताए ।

बैंक सञ्चालक समितिका अध्यक्ष श्री माणिकरत्न शाक्यले थप जिल्लामा कार्यक्रम बिस्तार गर्दै बैंकिङ सेवा नपुगेका ग्रामीण क्षेत्रमा उपस्थिति जनाउने बताए ।

कार्यक्रममा बैंकका पाँचवटा क्षेत्रीय कार्यालयका पाँच/पाँच जना गरी २५ कर्मचारीलाई नगद पुरस्कार सहीत कदरपत्र बाट सम्मानित तथा बैंकको कार्यक्रमलाई विस्तार गर्न थोक कर्जाको माध्यबाट सबै भन्दा बढी थोक कर्जा रू. ५० करोड प्रदान गर्ने राष्ट्रिय वाणिज्य बैंकलाई समेत सम्मान गरेको छ ।

# पाँच बैंकको नाफा दुई अर्ब बढी

**न्यूज ओके रिपोर्टर**

काठमाडौं ।

आर्थिक वर्ष २०७२/७३ मा २ अर्ब भन्दा धेरै नाफा गर्ने बैंकको संख्या ५ पुगेको छ । आर्थिक वर्ष २०७१/७२ तिन बाणीज्य बैंकले मात्र २ अर्ब भन्दा धेरै खुद नाफा गरेका थिए ।

२ अर्ब भन्दा वढी नाफागर्ने बैंकको संख्या वढेसंगै २८ बाणीज्य बैंकहरूको खुद नाफा ८ अर्ब २१ करोड ३६ लाख रूपैयाँले वढेको छ । यो नाफा आर्थिक वर्ष २०७१/२०७२ को तुलनामा २९.१७ प्रतिशतले वढेको हो । अघिल्लो आर्थिक वर्षमा सञ्चालनमा रहेका २९ बाणीज्य बैंकहरूले २८ अर्ब १६ करोड ३२ लाख रूपैयाँ खुद नाफा गरेका बैंकहरूले गत आवमा ३६ अर्ब ३७ करोड ७८ लाख रूपैयाँ गरेका छन् ।

गत आर्थिक वर्षमा बैंकहरूको व्याजखर्च कम भएपछि नाफा वढेको हो । वित्तीय क्षेत्रमा अधिक तरलता भएपनि बैंकहरूले निक्षेपमा दिने व्याज निकै घटेको थियो । पछिल्लो समयमा मात्र केन्द्रिय बैंकले वित्तीय प्रणालीबाट करिब ५० अर्ब रूपैयाँ बरावरको तरलता खिचेको छ । बैंकहरूले न्यून ब्याजदरमा निक्षेप लिए तर पुरानो र नयाँ कर्जाको ब्याज भने खासै नघटाएपछि समग्र नाफा वढेको हो ।

गत आर्थिक वर्षको पछिलो ६ महिना बैंकहरूका लागि राम्रो नरहे पनि पछिल्ला ६ महिनामा बैंकले धेरै कर्जा प्रवाह गरेको सानिमा बैंकका प्रमूख कार्यकारी अधिकृत भुवन कुमार दाहालले बताए । बैंकहरूले व्याज खर्च कम गरेकाले आम्दनी वढेको उनको भनाइ छ । नकाबन्दी पछिको छ महिनामा बैंकहरूले धेरै राम्रो आम्दानी गरेको उनले बताए । नाकाबन्दी खुलेपछि पुननिर्माणमा बैंकहरूको कर्जा प्रवाह उल्लेख्य वढेको उनको तर्क छ ।

विगतको भूकम्प तथा सीमा क्षेत्रमा देखिएको अवरोधका कारण आर्थिक क्षेत्रमा असर भयो । नेपाल राष्ट्र बैंकले कर्जा भुक्तानी तथा कर्जा नोक्सानी व्यवस्थामा सहुलियत प्रदान गरेकाले पनि बैंकहरूको नाफवढेको राष्ट्रिय बाणिज्य बैंकका प्रमूख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बताए ।

| बैंक | खुद नाफा असाढ मसान्त २०७३ सम्म (रु. हजारमा) | खुद नाफा असाढ मसान्तसम्म २०७२ (रु. हजारमा) |
|---|---|---|
| नेपाल बैंक | ३,०१८,७८२ | ४८३,८४९ |
| नबिल बैंक | २,८२१,५६४ | २,०९३,८१३ |
| राष्ट्रिय बाणिज्य बैंक | २,६४८,४७१ | ४,६४३,८६७ |
| कृषि विकास बैंक | २,५७७,२३० | ३,६०३,३७१ |
| नेपाल इन्भेष्टमेन्ट बैंक | २,५५०,८८३ | १,९६१,८५२ |
| हिमालयन बैंक | १,९१५,६२८ | १,११२,१८७ |
| एभरेष्ट बैंक | १,७३०,२४१ | १,५७४,३३१ |
| ग्लोबल आइएमइ बैंक | १,३८६,६८६ | ९६०,६०८ |
| नेपाल एसबिआइ बैंक | १,३३१,८८१ | १,०६५,४३८ |
| स्ट्यान्डर्ड चार्टर्ड बैंक | १,२६५,४९८ | १,२९०,०२५ |
| सिद्धार्थ बैंक | १,२४४,८९१ | ७६७,०८१ |
| प्रभु बैंक | १,२२५,०४९ | १,०१८,२४६ |
| नेपाल बंगलादेश बैंक | १,१९८,२९८ | ८१३,९७६ |
| एनएमबी बैंक | १,१५०,३१४ | ५०३,८०३ |
| प्राइम कमर्सियल बैंक | १,१२८,२३७ | ७४५,५८९ |
| सिटिजन्स बैंक इन्टरनेशनल | १,०८९,९१४ | ७२०,३०९ |
| एनआइसी एसिया बैंक | १,०७०,०९० | ६८०,३१६ |
| सानिमा बैंक | १,०४५,५३६ | ६२४,१४० |
| सनराइज बैंक | ९५१,७५५ | ४७०,८५६ |
| माछापुच्छ्रे बैंक | ८९१,८०८ | ६१६,३७० |
| बैंक अफ काठमाण्डू लुम्बिनी | ७५८,१०४ | ३३४,५६८ |
| कुमारी बैंक | ७४०,११२ | ३९४,७८८ |
| एनसीसी बैंक | ७०३,०८८ | ४०७,६५४ |
| लक्ष्मी बैंक | ६७३,७६५ | ४१६,४१८ |
| मेघा बैंक | ५५२,०३७ | ३४६,२९६ |
| सेञ्चुरी कमर्सियल बैंक | ३८२,६२५ | २६०,८६५ |
| जनता बैंक | ३२५,३५१ | १५०,३५० |
| सिभिल बैंक | ३३१,४०० | २३०,०२० |

*(स्रोत: बैंकहरुले प्रकाशित गरेको वित्तीय विवरणको आधारमा)*

गत आवमा करिब आधा दर्जन बैंकले २ अर्ब भन्दा धेरै खुद नाफा गरेका छन भने एक दर्जन भन्दा धेरै बैंकले एक अर्ब माथि नाफा कमाएका छन् । गत आवमा सबैभन्दा धेरै ३ अर्ब एक करोड रूपेयाँ खुद नाफा सरकारी स्वामित्वको नेपाल बैंकले गरेको । बैंकको नकरात्मक रहेको नेटवर्थ सकरात्मक बनाउन सम्पत्ती बिक्री गर्दा नाफा वढेको हो । गत आवको बैंक नेपाल इन्स्येरेन्स कम्पनीको सेयर सहित जग्गा समते बिक्री गरेको थियो । अघिल्लो आवमा ५१ करोड ६८ लाख मात्र खुद नाफा गरेको बैंकले गचत्यसैगरी निजी क्षेत्रको नबिल बैंकले २ अर्ब ८२ करोड खुद नाफा गरेको छ । बैंकले अघिल्लो आवमा २ अर्ब ९ करोड रूपैयाँ खुद नाफा गरेको थियो ।

अघिल्लो आवमा सबैभन्दा धेरै नाफा गरेको राष्ट्रिय बाणीज्य बैंकले गत आवमा २ अर्ब ६४ करोड रूपैयाँ मात्र नाफा गरेको छ । बैंकले अघिल्लो आवमा नेपाल इन्भेष्टमेन्ट बैंकको सेयर बिक्री गरेर नाफा वढाएको भएपनि त्यसले गत आवमा निरन्तरता पाउन सकेन । अघिल्लो आवमा ४ अर्ब ६४ करोड नाफा गरेको बैंकले गत आवमा २ अर्ब ६४ करोड मात्र खुद नाफा गरेको छ । गत आर्थिक वर्षमा २ अर्ब भन्दा धेरै नाफा गर्नेमा सरकारी स्वमित्वको कृषि विकास बैंक र निजी क्षेत्रको नेपाल इन्भेष्टमेन्ट बैंक समेत हुन । गत आवमा सबैभन्दा थोरै जनता बैंकले ३२ करोड ५३ लाख रूपैयाँ खुद नाफा गरेको छ । गत आवमा कृषि विकास बैंक, राष्ट्रिय बाणीज्य बैंक र नबिल बैंकले मात्र २ अर्ब भन्दा धेरै नाफा गरेका थिए ।

# डेढ दशकपछि हार्थोकमा रा.वा. बैंक पुनर्स्थापना




**न्यूज ओके रिपोर्टर**

भैरहवा ।

द्वन्द्व कालमा २०५८ सालमा असुरक्षाका कारणले बिस्थापित भएको राष्ट्रिय बाणिज्य बैंक हार्थोक शाखा पाल्पाको डेढ दशक पछि सोही स्थानमा शनिबार पुनस्थापना भएको छ ।

हार्थोक शाखा द्वन्द्वका समयमा २०५८ सालतिर बिस्थापित भई सदरमुकाम तानसेन स्थित बाणिज्य बैंकको शाखामा गाभिएको थियो ।

**हार्थोक शाखा द्वन्द्वका समयमा २०५८ सालतिर बिस्थापित भई सदरमुकाम तानसेन स्थित बाणिज्य बैंकको शाखामा गाभिएको थियो ।**

तत्कालीन समयमा करीब २५ सय सेवा ग्राही रहेकामा अहिले २ हजारको हाराहारीमा सेवा ग्राही रहेको राष्ट्रिय बाणिज्य बैंक तानसेन शाखाका सहायक प्रबन्धक बेदराम श्रीसले जानकारी दिए । हार्थोक शाखा बिस्थापित हुँदा गाभिएका सबै सेवाग्राहीको खाता पुनह हार्थोक शाखामे स्थानान्तरण गरिने श्रीसले उल्लेख गरे ।

पहिलो दिन शाखा पुनर्स्थापना हुँदा २३ जनाले नयाँ खाता खोलेका छन् । हार्थोक शाखा बाणिज्य बैंकको १६८औं शाखा हो । द्वन्द्व अघि २१० शाखा देशभरी रहेकोमा त्यसपछि असुरक्षाका कारण बिस्थापित हुँदै शाखा संख्या ११०मा झरेको थियो । अझै धेरै शाखाहरू पुनर्स्थापन हुन बाँकी रहेका छन् ।

पुनर्स्थापित शाखाको शुभारम्भ गर्दै नेपाल राष्ट्रबैंकका गभर्नर चिरञ्जिवी नेपालले बैंकहरूलाई कलेक्शन सेन्टर मात्रै बनाउन नहुने बताए । उनले बैंकहरूमा खाली पैसा जम्मा गर्ने मात्र नभई बैंकबाट उपलब्ध आवश्यक पर्ने सबै सेवा लिन सक्नुपर्ने उल्लेख गरे ।

हरेक कुरामा भारतमा निर्भरता रहेको वर्तमान परिप्रेक्ष्यमा आफ्नै गाउँघरमा कृषि उत्पादनमा बृद्धि गरे धेरै कुरामा आत्मनिर्भर रहिने बताए । आफ्नो गाउँ बनाउन सके त्यसपछि मुलुक सम्बृद्धिको बाटोमामा जाने उनको तर्क थियो ।

बैंक पुनर्स्थापना गर्दै उनले ग्रामीण क्षेत्रमा बाणिज्य बैंक आउनु भनेको सरकार आफै आए जस्तो रहेको भन्दै सेवाग्राहीलाई आफ्नो पेशा अनुसारको क्षेत्रमा काम गर्न बैंकले लगानी गर्ने र राष्ट्रिय बाणिज्य बैंक सधै जनताको साथमा रहने जिकिर गरे । यस क्षेत्रका जनताको चाहना अनुसार बैंक पुनह स्थापित भएकाले सहयोग गर्न सबैलाई आग्रह गरे । राष्ट्रिय बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरण श्रेष्ठले हार्थोक शाखाबाट सबै किसिमको सेवा उपलब्ध हुने जनाउँदै अब बैंकिंङ्ग सेवाका लागि पश्चिम पाल्पाका सर्वसाधारण सदरमुकाम धाउनु पर्ने बाध्यताको अन्त्य भएको जनाए । श्रेष्ठले रिडी र गुल्मीको वामी स्थित शाखा पनि छिटै पुनर्स्थापना हुने बताए ।

# भवानी स्वावलम्बन बचत तथा ऋण सहकारी संस्थाको साधारण सभा

**न्यूज ओके रिपोर्टर**

भैरहवा ।

भवानी स्वालम्बन बचत तथा ऋण सहकारी संस्था लि. रोइनीहवा, मर्चवारको १७ वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

साधारण सभाको उद्घाटन गर्दै डिभिजन सहकारी कार्यालय, रूपन्देहीका प्रमुख नेत्रप्रसाद घिमिरेले जिल्लामा रहेका सहकारी मध्ये यस सहकारीले सबैभन्दा पहिला वार्षिक साधारण सभा सम्पन्न गरेर उदाहरणीय काम गरेको बताए ।

२०५७ साल माघ २४ गते स्थापना भएको यस सहकारीमा पुरूषका तुलनामा महिला शेयर सदस्य बढी छन् । ४ सय ५४ शेयर सदस्य मध्ये महिलाको संख्या दुई सय ४६ रहेको छ । ७ लाख ३६ हजार एक सय रूपैयाँ शेयर पूँजी रहेको संस्थाको बचत ६४ लाख र कर्जा लगानी ७० लाख रहेको छ ।

गत आर्थिक वर्षमा ५ लाख ८ हजार एक सय रूपैयाँ मुनाफा आर्जन गरेको संस्थाले आफ्नो शेयर धनीलाई १५ प्रतिशत लाभांश वितरण गरेको व्यवस्थाप अशोक तिवारीले बताए । संस्थाले गोवर ग्याँस प्लान्ट लगाउने शेयर सदस्यलाई १५ हजार निर्व्याजी ऋण दिने गरेको छ ।

त्यस्तैगरी कुनै महिलाले दुई बच्चा जन्माई स्थायी बन्ध्याकरण गरेमा प्रोत्साहन स्वरूप ७ सय रूपैयाँ भत्ता दिने गरेको छ । त्यस्तै ६० वर्षलाई बद्धा मानी बृद्ध पेन्सन बचत सुरू गर्दै १ लाख रूपैयाँको १० प्रतिशत व्याजका अतिरिक्त प्रतिमहिना १ सय ५० रूपैयाँ पौष्टिक आहारका लागि प्रदान गर्दै आएको छ । यो कार्यक्रम विधुवा महिलाहरूका लागि पनि लागू गरिएको संस्थाले जनाएको छ । संस्थाको कार्यक्षेत्र रोइनीहवा गाविस, साविक आमा गाविससहित थु:पिपरहवा, करौता रहेका छन् ।

यसैबीच साधारण सभाले जयराम गडेरियाको अध्यक्षतामा नयाँ संचालक समिति चयन गरेको छ । जसको उपाध्यक्षमा कौलाशी मल्लाह, सचिव गजेन्द्र प्रसाद दुवे, कोषाध्यक्ष रामकेबल यादव रहेका छन् । त्यसैगरी सदस्यहरूमा रामसुरत गुप्ता, लौतु भुज, अनुपकुमार पाठक, शुभावती मल्लाह र कोइली नाउनी रहेका छन् । त्यस्तै लेखा समिति संयोजकमा गणेश यादव, सदस्यहरूमा सुग्रिव परासर र रामकिसन यादव चयन भएका छन् ।

# बचत तथा ऋण सहकारी संध रूपन्देही नेपालमै उतकृष्ट

**न्यूज ओके रिपोर्टर**

भैरहवा ।

बचत तथा ऋण सहकारी संघ, रुपन्देही नेपालमै उत्कृष्ट जिल्ला संघ हुन सफल भएको छ ।

नेपाल बचत तथा ऋण सहकारी संघको २९ औं स्थापना दिवसको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा रुपन्देहीको संघलाई नेपालभरीकै उत्कृष्ट संघ घोषणा गरिएको संघका जिल्ला अध्यक्ष एवं केन्द्रीय सदस्य कृष्णप्रसाद नेपालले बताए ।

आगामी पुस २ गते काठमाडौंमा हुने विशेष कार्यक्रममा संघलाई पुरस्कृत गरिने छ । त्यसैगरी जन उत्थान बचत तथा ऋण सहकारी संस्था लि., कोटिहवाका व्यवस्थापक रणबहादुर थापा उत्कृष्ट व्यवस्थापक घोषित भई सम्मानित भएका छन् ।

# एभरेष्ट फाइनान्सको १४.५०% बोनश शेयर पारित

**न्यूज ओके रिपोर्टर**

भैरहवा ।

एभरेष्ट फाइनान्स कम्पनी लिमिटेडले आर्थिक वर्ष ०७२/७३ को नाफाबाट आफ्ना शेयर धनिलाई १४ दशमलब ५० प्रतिशत बोनश (लाभांस) प्रदान गर्ने निर्णय गरेको छ ।

शनिबार बैंक व्यवस्थापन समितिको भैरहवामा बसेको बैठकले उक्त बोनस (लाभांस)बितरण गर्ने प्रस्ताब पारित गरेको फाइनान्सका प्रमुख कार्यकारी अधिकृत खिम बहादुर कार्कीले जनाए । नेपाल राष्ट्र बैंकको स्वीकृति र फाइनान्सको साधारण सभाले पारीत गरे पछि मात्र उक्त बोनस बितरण गर्न सकिने छ । १४ दशमलब ५० प्रतिशत बराबरको १ करोड ९९ लाख ४० हजार ३ सय रूपैयाँ बोनस शेयरका रूपमा बितरण गर्ने भएको हो । फाइनान्सले गत आर्थिक बर्षमा ४ करोड ८ लाख नाफा आर्जन गरेको थियो । उक्त नाफा अघिल्लो वर्षको तुलनामा १५ प्रतिशतले वृद्धि भएको संस्थाका बरीष्ठ प्रबन्धक दुर्गा लम्सालले बताए ।

एभरेष्ट फाइनान्सको गत असार मसान्त सम्म निक्षेप १ अर्ब ३० करोड,कर्जा लगानी १ अर्ब १ करोड ३६ लाख रूपैयाँ तथा खराब कर्जा शुन्य दशमलब तीन प्रतिशत रहेको छ ।

हाल चुक्ता पूँजी १३ करोड ७५ लाख १६ हजार ५ सय रूपैयाँ रहेको यो फाइनान्सको बोनस शेयर बितरण पछि कुल चुक्ता पूँजी १५ करोड ७४ लाख ५९ हजार ८ सय रूपैयाँ पुग्नेछ ।

केन्द्रिय कार्यालय भैरहवा रहेको एभरेष्टको रूपन्देही, कपिलबस्तु र नवलपरासी गरी तीन जिल्ला कार्य क्षेत्रमो पाँच वटा शाखा र एक काउन्टर गरी ६ स्थानबाट बित्तीय कारोबार हुँदै आएको छ ।

नेपाल राष्ट्र बैंकको नीति अनुसार चुक्ता पूँजी बढाउनु पर्ने भएकाले तोकिएको चुक्ता पूँजी बढाउन र मर्जर हुन(एकापसमा गाभिन) फाइनान्सले निर्णय गरे अनुसार श्री इन्भेष्टमेन्ट फाइनान्ससँग मर्जरको अन्तिम तयारी भइरहेको छ ।

# श्री प्रबर्द्धन बचत तथा ऋण सहकारी संस्था लिमिटेड



*कृषि, व्यापार, हायरपर्चेज लगायतका क्षेत्रमा सहकारीले लगानी गर्दै आइरहेका छ ।*

**दीपक क्षेत्री न्यौपाने (अध्यक्ष)**

सहकारीको सिद्धान्त, नीति पालना गर्दै कारोबार गरेमा सफल भइन्छ भन्ने प्रमाण भैरहवाको श्री प्रबर्द्धन बचत तथा ऋण सहकारी संस्था लिमिटेड बन्न पुगेको छ ।

२०६७ साल मंसिर १० गते सिद्धार्थनगरमा सहकारी ऐन २०४८को दफा ५ बमोजिम दर्ता भएको यस सहकारी संस्थाले स्थापनाको ६ वर्ष नपुग्दै उल्लेखनीय प्रगती गरेको छ ।

गत असार मसान्त सम्म शेयर सदस्य संख्यामा महिला ३२० र पुरूष ३०८ गरी जम्मा ६२८ रहेका छन् । २९ जना सदस्यहरूले स्थापना गर्दा संस्थाको शेयर रकम १ लाख ४० हजार रहेकोमा अहिले शेयर रकम बृद्धि भै ७९ लाख ३१ हजार ९ सय पुगेको छ । गत असार मसान्त सम्म २ करोड ५६ लाख ७३ हजार १० रूपैयाँ लगानी तथा बचत रकम १ करोड ६७ लाख २२ हजार रहेको छ । कृषि, व्यापार, हायरपर्चेज लगायतका क्षेत्रमा सहकारीले लगानी गर्दै आइरहेको संस्थाका अध्यक्ष दिपक क्षेत्री न्यौपाने बताउँछन् । सहकारीको सिद्धान्त,

**हाम्रो सहकारी**

नीतिलाई अनुसरण गरी अघि बढिरहदा अहिले सम्म कुनै समस्या नआएको र यसलाई नमुनाका रूपमा अघि बढाउने लक्ष्य रहेको अध्यक्ष न्यौपानेको भनाइ छ । सहकारीलाई व्यवस्थित तरीकाले अघि बढाउन लेखा समिति, नीति तथा योजना समिति, धितो मुल्यांकन समिति, ऋण समिति, ऋण असुली समिति, बजार व्यवस्थापन समिति, महिला तथा सामाजिक विकास समिति बनाइएको छ । संस्थाले ५ जनालाई रोजगारी प्रदान गरेको छ भने हरेक वर्ष स्थापना दिवसको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत बृद्धबृद्धाहरूलाई खाद्यान्न वितरण, रक्तदान, लगायतका कार्यहरू गर्दै नियमित गर्दै आइरहेको छ । संस्थाको कार्यक्षेत्र सिद्धार्थनगर नगरपालिका हो ।

# Janai Purnima and Rakshya Bandhan

*News Ok Reporter*
*Bhairahawa.*

Janai Purnima is observed in the month of Shrawan. It is called Rakshya Bandhan as this festival observes the bond of purity and security. This festival is celebrated by Hindus all over the world.

Janai Purnima is Sacred Thread Festival. On this day, Hindu men, especially the Brahmins and Chettris perform their annual change of Janai and all who celebrates this festival put a scared thread around their wrist.

***What is Janai***

Janai is a cotton string worn across the chest by Hindu male. This thread is only given to males during a long and impressive religious ceremony called Bratabandhan. Almost all the religion has type of Bratabandhan, but known by different names. Bratabandhan is basically a formal process of accepting someone in the religion.

The Janai initiates the boy into manhood and commands them to devotedly follow the religion and the path of truth. The Janai must be worn every day of their lives after they listen their mantra from the guru during the Bartabandha.

Janai is regarded as symbol of body, speech and mind, and when the knots are tied the person wearing it is supposed to gain complete control over each of them.

This cord is changed if it becomes untidy or dishonored due to those acts which are forbidden by religion. However, Janai must be changed without fail on Rakhsya Bandhan Day.

***Meaning of Janai Purnima***

Janai is sacred thread, and Purnima is full moon day, thus it is Janai festival in the full moon day of Shrawan month of Bikram Sambat calendar.

***When is Janai Purnima***

Janai Purnima is on Shrawan Purnima. This year Janai Purnima is on Bhadra 2, 2073, that coincides with English Calendar date of August 18, 2016.



***What do we do in Janai Purnima***

A day before Janai purnima the persons wearing janai should make themselves 'clean' by shaving or cutting hair and take a good bath. They undergo a partial fasting, taking only one meal of foods considered to be 'clean' - no meat, no onions or garlic. Before big event Hindus prefer to clean their body by keeping fasting. Satvic food is prescribed for all Hindu ritual and festival.

In the Purnima morning men usually go to rivers and ponds nearby, to take secret bath dipping himself thrice in the water. Men, then change their Janai. Break the old ones.

However in cities, the family priest (Pandit / Puret) comes to the residence. The entire family gathers around pandit as he reads the importance and stories of the from a holy book (patro) and performs a ceremony, which purifies the new thread, and places it about the men's neck across the chest. In a payment the priest is given foodstuffs and monies. The money is called Dakshina and other stuff are called Daan in Sanskrit.

***What is Rakshya Bandhan Doro***

Rakshya means "to protect" and bandhan is "tie" or "bond". Rakshya Bandhan is a bond or tie of protection. This thread is which is tied around the hand is called Doro. Some people even say Janai for Doro.

In Raksha Bandhan day male, female, children and kids regardless of status and caste get tied a doro (sacred colorful thread) around their wrist. Generally males get tied the thread around their right and the women around their left wrist.

They believe doro brings them good luck, when one believes, that always becomes true. People keep the doro tied in wrist till on Laxmi Puja day in Deepawali. This thread is then taken out from wrist and tied on the tail of a cow in the cow worship day (Laxmi puja) in about October.

Hindu believe that they have to cross a river Baitarni after death to reach heaven. The cow will help him/her to cross the river Baitarni, by allowing the dead to cling to her tail, if he/she ties the doro to the tail of a cow on Laxmi Puja day.

***What do we do in Rakshya Bandhan***

In Raksha Bandhan Bandhan morning people crowd around the Pandit who ties the orange, yellow or red thread around devotees' wrist chanting a quick prayer/raksha bandhan mantra.

***Rakhi Day***

This festival is also marked by the tying of a rakhi,or holy thread, by the sister on the wrist of her brother. The market is full of different colors rakhis. This festival is equivalent to Bhai Tika in Tihar to some communities across Nepal. The brother in return offers a gift to his sister and swears to look after her as she presents sweets to her brother. Rakhi provided they commit to a lifelong obligation to provide protection to the woman or girl.

***Janai purnima as Kwati purnima or Gunhi Punhi***

In Nepal special menu for Gunhi Punhi (Janai Purnima in Newari) is Kwati. This day is also called Kwati Punhi, where Kwati is a soup of different beans and Punhi means the full moon day. Newar people also put the sacred threads around the wrists which are to be taken off on the day of Laxmi Puja, another festival in Tihar.

In Janai Purnima Newar farmers offer different food items to frogs. Believing that worshiping the frog, who is considered an agent of the God of rainfall, by making offerings of different food items help to increase the production of crops.

# Moral Boosting Victory For Nepal

*News Ok Reporter*
Bhairahawa.

The Nepali senior cricket team's journey to the Netherlands to play the ICC World Cricket League Championship (WCLC) matches concluded positively after the Nepali team won its last of the matches against the host. The Nepalese team, who had earlier lost their first match against the host by seven wickets, was not expected to win their second match against the host.

The fear that the Nepali team would lose all WCLC matches in the Netherlands got stronger after our team had lost their warm matches against the Netherland A team. During the warm up match, the Nepali team had been bundled out for 88 runs. In the first match of the WCLC, the Dutch players had packed the Nepali team almost repeated the same ignoble feat- getting out for 94 runs as our players could not cope with the Netherland condition as well as the Dutch bowlers.

However, in the second match, our players came out strongly after they posted a good looking competitive 217 runs in 50 over. Captain Paras Khadka played a captain's knock hitting 84 runs and taking two wickets. Sagar Pun scored 45 and vice captain Gyanendra Malla contributed with 39 runs to help their team post a competitive total. The Netherlands appeared to be cruising towards the victory target of 218, but they lost the wickets at regular intervals. Nepali spinners, young Sandip Lamicchane, Basant Regmi, Shakti Gauchan as well as Sagar Pun took wickets to restrict the host to 198 in 48.3 overs, which saw Nepal registering a thrilling victory against the host by 19 runs.

The victory helped Nepal to sit at its sixth position in overall point table. The Internaitonal Cricket Council(ICC) has been organizing WCLC to allow its associate members (those teams that do not play Test matches of cricket like the cricket's big ten teams) to get an opportunity to play at the cricket's big stage like 50-over World Cup. According to the ICC provisions teams finishing at top positions in the WCLC would get chance to play at the World Cup qualifiers in 2018. Currently there are eight teams in WCLC- the Netherlands, Hong Kong, Scotland, Papua New Guinea, Kenya, Nepal, Namibia and the UAE. All the teams play two matches with each other in home and away basis. Nepal has so far played eight matches, winning three and losing five and is currently placed at the sixth position.

Nepal's third victory in WCLC against the host Netherlands was important because during earlier years Nepal had lost all its competitive matches played in the European nations. The condition of Europe, it appeared, did not suit the team from the Indian Subcontinent. Nepal had lost more than 10 matches on trot in Europe before registering the August 14 victory against the Dutch team. However, the Nepali team had few weeks ago had defeated Marylebone Cricket Team at the Lord's in England, where our team went to play to mark the 200th years of the establishment of the Nepal-Britain diplomatic relation.

The Nepalese victory in Amsterdam should be taken as a moral boosting performance. Back home, the prevailing situation in cricket is not so heart warming one. Such a situation would always discourage a team to perform better.

But our team appeared to be oblivious of the prevailing unfavourable situation in the cricket and played like a champion in the WCLC second match to beat the powerful host.

# RBB branch office re-establishes at Harthok, Palpa

*News Ok Reporter*
Bhairahawa.

A branch office of the Rastriya Banijya Bank has been re-established at Harthok in Palpa district as it was displaced during a decade-long Maoist insurgency.

The Nepal Rastra Bank Governor Dr. Chiranjivi Nepal inaugurated the branch office at saturday and urged the farmers to be benefited from the loan as the financial institutions were providing the loan on five percent interest rate to them as per the monetary policy.

He further urged the youth to involve in productive sector rather going abroad for cheap labour.

With the re-establishment of the branch office, locals at Bhairavsthan, Khasyauli, Deurali, Bandipokhara, Palung, Mainadi among other VDCs of Palpa district and some locals of Gulmi and Arghakhanchi districts will be benefited as well.

# Rotract's sapling planting programmes

*News Ok Reporter*
Bhairahawa.

Rotract Club of Lumbini, Sidhharthnagar Friday planted saplings at the premises of Lilaram Neupane Higher Secondary School.

The District Forest Officer of Rupandehi, Indra Bahadur Pacchai, while inaugurating the sapling planting programme, said that the plantation of the tree saplings would help maintain the greenery of the school and keep the environment clean and healthy. The principal of the school, Ganesh Prasad Bhattarai said that the school students and teachers should work together to keep the planted saplings safe.

The president of the Rotract Club of Lumbini 2016/017, Abhisekh Agrawal said that the club would conduct more of such constructive programmes in days ahead.

# Saplings Planted in Lumbini for peace and reconciliation in Nepal



*News Ok Reporter*
Bhairahawa.

Local Peace Committee, Rupandehi, Lumbini Cultural Municipality based Peace Committee and Namuna Integrated Development Council jointly conducted interaction, reconciliation and reunion among the victims of Nepal's internal conflict and tree plantation program in Lumbini .

The program was conducted in the chairmanship of Ms. Gyanu Paudel, former Chairperson of Local Peace Committee. Chief District Officer of Rupandehi Bishnu Dhakal was present as the Chief Guest in the program while Head of district level government offices and district security chiefs also participated the program.

The plantation program was jointly inaugurated by Ramayan Harijan (the member of family victimized by Government side) and Abdul Mukim (the member of family victimized by rebellion side) during insurgency period. The saplings were planted in barren area of Lumbini master plan area wishing for lasting peace, brotherhood and prosperity in Nepal.

# Nepal Rastra Bank to lunch interest rate corridor

*News Ok Reporter*
Bhairahawa

The interest rate corridor, which is making a debut today to reduce interest rate volatility, is not likely to meet its core objective in the short term.

Nepal Rastra Bank, the central monetary authority, is introducing the corridor as per the announcement made through the monetary policy of this fiscal year.

The Open Market Operations Committee, which comprises senior officials of NRB and the Ministry of Finance, tuesday fixed interest of 0.3045 percent on the two-week instrument, which can be subscribed by commercial banks, development banks and finance companies.

The rate was fixed by deducting 10 basis points, or 0.10 percentage point.

NRB, in a guideline on interest rate corridor introduced today, has said term deposit rate would be fixed by deducting 0.10 percentage point from weighted average interbank rate of commercial banks of two working days ago.

NRB's decision to launch the corridor has been welcomed by bankers, who were calling on the central bank to introduce a system to keep interest rates within a certain band to reduce interest rate volatility.

# Seven companies sealed off in Kathmandu valley

## *found flouting set standards during a monitoring*

*News Ok Reporter*
Kathmandu.

The government sealed off various seven companies in Kathmandu valley on Tuesday.

7 companies are sealed because they were found flouting set standards during a monitoring.

The companies that faced action include Green berry Water Industry, Prachi Spring Water Solution and Budhanilkantha Mineral Water Industry, all operating in Budhanilkantha area, three pharmacies (Gyanganga Pharmacy, MV Polyclinic and Sinamangal Health Care in Sinamangal area) and a petrol pump in Bhaktapur (New Maheshwori Fuel Centre).

The companies faced action after a joint monitoring team from the Ministry of Supply Management, the Consumer Welfare Protection Forum, the Nepal Food Corporation and the National Consumer Forum found them operating without meeting set standards, said a monitoring team member.

The team monitored 55 industries and companies that are dealing in food and other items in Kathmandu valley.





बर्गीकृत विज्ञापन

Classified Display

आकर्षक जग्गा विक्रीमा

गौतमबुद्ध विमानस्थल अगाडि सडकबाट उत्तरतर्फ
आकर्षक जग्गा विक्रीमा । १ सय १० फिट सडक मोहडा
भएको ५ कठ्ठा १० धुर जग्गा विक्रीमा छ ।

होटल, व्यवसायिक भवनका लागि बहुउपयोगी जग्गा




सिधा सम्पर्क नं. : ९८५७०२२३५५

वर्गीकृत विज्ञापन दररेट

प्रति स्पट : (मु.अ.क. कर बाहेक)
रू. ५०० ।-

न्यूज ओके साप्ताहिक
सिद्धार्थनगर, देवकोटाचोक, भैरहवा, मो. ९८५७०६२३५२



रू.जि.प्र.का.द.नं. १६६/०७२/०७३

न्यूज ओके राष्ट्रिय साप्ताहिक

विश्व क्रिकेट लिग च्याम्पियनसिप

# शीर्ष चारमा रहन नेपाललाई अझै मौका

*न्यूज ओके रिपोर्टर*

भैरहवा ।

नेपालले विश्व क्रिकेट लिग च्याम्पियनसिपमा अन्तिम चारमा रहने मौका सम्भावनालाई जिवीत राखेको छ । सोमबार नेदरल्याण्ड्स विरुद्धको दोस्रो खेलमा स्पष्ट जित हात पारेपछि नेपालको सम्भावना रहेको हो ।

नेदरल्याण्ड्सबिरुद्धको पहिलो खेलमा सात विकेटले पराजित भएको नेपालले दोस्रो खेलमा चमत्कारिक खेल खेलेको थियो । दोस्रो खेलमा सुधारिएको प्रर्दशन गरेको नेपालले नेदरल्याण्ड्सलाई उसकै मैदानमा १९ रनले पराजित गरेको थियो । नेपालले विश्व क्रिकेट लिग च्याम्पियनसिपमा खेलेको ८ खलेमध्ये यो तेस्रो जित हो ।

नेपाल ६ अंक सहित अंक तालिकाको छैठौं स्थानमा छ । नेदरल्याण्ड्स बिरुद्ध दोस्रो खेलमा टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ५० ओभरमा ९ विकेटको क्षतिमा २ सय १७ रन बनाएको थियो । पारसले नेतृत्वको उत्कृष्ट उदाहरण दिदैं ८४ रन बनाइ नेपाललाई मजबुत स्थितिमा डोऱ्याएका थिए । जवाफमा आएको नेदरल्यान्ड्सलाई ४८.३ ओभरमा १ सय ९८ रनमा रोकी नेपालले एकदिवसीय खेलमा एउटा उत्कृष्ट सफलता हात पारेको हो । २०१५ देखि सुरु भई २०१७ सम्म चल्ने च्याम्पियनसिपमा नेदरल्याण्डसलाई पराजित गर्ने नेपाल पहिलो टोली समेत बनेको छ ।

पहिलो खेलमा नेपाललाई सजिलै ७ विकेटले पराजित गरेको नेदरल्यान्ड्स ८ खेलमा १२ अंक जोडी शीर्ष स्थानमा छ । नेपाल ६ अंक सहित ८ राष्ट्र सहभागी प्रतियोगिताको छैटौं स्थानमा छ । शीर्ष चार टोलीले २०१८ मा हुने एकदिवसीय विश्वकप छनोटमा प्रतिस्पर्धा गर्न पाउने छ । लिगमा नेदरल्यान्डसले भोगेको यो पहिलो पराजय हो । आठ वटा खेलमा उसले पाँच विजय हात पारेको थियो भने दुई खेलमा नो रिजल्टको नजिता आएको थियो ।

प्रतियोगितामा अपराजित एकमात्र टिम नेदरल्यान्डस नै थियो । नेपालले ५० ओभरको खेलमा नेदरल्यान्डसलाई पराजित गरेको यो दोस्रो अवसर हो । गत वर्ष नेपालले नामिबियालाई पनि उसकै मैदानमा दुई पटक पराजित गरेको थियो । नेपालले अब केन्या, हङकङ र युएईसित खेल्न बाँकी छ । तीन देखि चार महिनाको अन्तरमा हुने यस खेलको श्रृखला सन् २०१७ सम्म चल्नेछ । पहिलो खेलमा हामीले कमजोर खेल्यौं । ब्याटिङ नचल्दा पछि परिएको थियो । तर दोस्रो खेलमा टोलीका सबै खेलाडीले राम्रो खेल्दै पुनरागमन गरेका छौं । नेदरल्याण्ड्स जस्तो टोलीलई हराउन त्यति सजिलो थिएन,' कप्तान पारस खड्काले भने । उनले दोस्रो खेलमा उत्कृष्ट ब्याटिङ गरेको पनि बताए । च्याम्पियनसिपमा अझै तीन चरणको खेल बाँकी छ । हामी ती खेलहरुका लागि तयार भएर बस्नुपर्छ ।

सम्भवत हामीले अर्को खेल केन्यासँग ६ महिनापछि खेल्नुपर्छ, होला घरेलु मैदानमा । नेपाली क्रिकेटको अहिलेको अवस्थामा खेल कहाँ हुने र कस्तो हुने हो थाहा नभएको समेत पारसले बताए । आगामी खेलमा राम्रो नतिजा निकाल्न सके नेपाल अन्तिम चारमा रहँदै सन् २०१९ को विश्वकप छनोट प्रतियोगिता खेल्ने अवसर पाउनेछ । विश्व कप छनोट खेल सन् २०१८ मा हुनेछ ।

ब्यूटि टिप्स

# वर्षा याममा कपालको स्याहार

मानव शरीरमा विभिन्न भागको आ आफ्नै महत्व रहेका छन् । ती मध्ये कपाल (रौ) पनि एक हो । विशेष गरी कपालको हेरबिचार राम्रो सँग गर्नुपर्छ । विभिन्न मौसममा कपालमा आ आफ्नै समस्या देखा पर्नेगर्दछ । त्यसैले बिशेष गरी महिलाहरूले मौसम अनुसार आफ्नो कपालको स्याहार गर्नुपर्छ । बर्षा मौसममा कपाल झर्ने, चिलाउने इत्यादी समस्या देखा पर्ने गर्दछ । यो मौसममा कपाललाई विशेष महत्व दिन जरूरी छ । कपालको जराको भागलाई बढी महत्व दिनु पर्दछ । बर्षाको पानीले कपाल भिजेको छ भने त्यसलाई तुरून्त सफा पानीले धुनुपर्छ ।

यस्तो बेलामा स्याम्पु लगाएर कपाल धुनुपर्दछ । स्याम्पु लगाएर कपाल पखाल्दा बर्षाको पानीमा भएको रसायनिक कणहरू सबै हट्ने गर्छन् । स्याम्पुले कपाल पखाली सकेपछि कपाल सुकाइ मनतातो तेल कपालको जरा सम्म पुग्ने गरी लगाउनुपर्छ । त्यसपछि कपाल बिस्तारै बिस्तारै चलाउने गर्नुपर्छ । १५ मिनेट पछि स्पेशल हेयर प्याक लगाई फेरी कपाल सुकाउने र त्यसको १५ मिनेटमा पुनह स्याम्पो लगाई कपाल पखाल्नुपर्छ । यो प्रकृया हप्ताको एक पटक र त्यसपछि १५ दिनको एक पटकमा गरी आफ्नो कपालको स्याहार राम्ररी गर्न सकिन्छ ।



सन्तोषी गुरुङ
ब्यूटिशियन : शान्तस ब्यूटि प्वाइन्ट
नारायणस्थान, भैरहवा

# मनिलाले पाईन पहिचान को आधारमा नागरीकता र राहदानी

*न्यूज ओके रिपोर्टर*

भैरहवा ।

नेपालका विभिन्न ठाउँमा छरिएर आफ्नो पहिचान अनि अधिकारको लडाईमा आवाज उठाइरहेका र आफ्नो पहिचान अनुसार अधिकार खोजिरहेका समलिगीं तेस्रोलिगीं समुदायले पछिल्लो समयमा गृहमन्त्रालयको जारी निर्देशन अनुसार आफ्नो पचिान अनुसारको नागरिकता र राहदानी लिने क्रम बढिरहेको छ ।

यसै क्रममा दाङ जिल्लमा मनिला न्यौपानेले आफ्नो पहिचान को आधारमा लिंगको महलमा अन्य उल्लेख गरेको नागरिकता र राहदानी लिएकी छन् । न्यौपानेले गत असार महिननामा नागरिकता लिएकी थिइन्, भने श्रवाण २३ गते राहदानी लिएको बताइन् । न्यौपानेले नेपाल सरकारले जसरी समलिंगी तेस्रोलिगींहरूलाई पहिचानको आधारमा नागरिकता र राहादानी प्रदान गरेको छ अबका दिनमा अन्य महिला, पुरूष, अपांग, मधेसी, जनजाति, आदिवासी, दलित, पिछडीएका वर्ग, मुस्लिम समुदायहरू सरह रोजगारीको पनि अवसर दिनुपर्ने बताइन् । न्यौपानेले आज सम्म निल हिरा समाजको पहलमा दात्रि निकायको आर्थिक सहयोगमा करीव ७०० जना समलिंगी तेस्रोलिंगी समुदायले निल हिरा समाजका विभिन्न कार्यलयमा काम गरेता पनि लाखौ समालिगीं, तेस्रोलिंगीहरूलाई सरकारले कुनै वास्ता नगरेको बताइन् ।

सरकारले समलिंगी, तेस्रोलिंगी समुदायलाई पहिचान अनुसारको नागरिकता र राहादानी त प्रदान गरेता पनि पहिचान अनुसारको नागरिकताको कुनै प्रकारको सरकारी निकायमा सेवा सुविधा नभएको दुखेसो गरिन् । पहिचान अनुसारको नागरिकता प्राप्त गरियो तर नागरिकतामा मात्रै सिमित छ पहिचान,उन्ले भनिन् । रूपन्देही जिल्ला बाट तेस्रोलिंगी आनिक राना र सन्तु पुनले पहिचान अनुसारको नागरिकता लिएका छन् ।

हार्दिक बधाई तथा शुभकामना

भैरहवाबाट **न्यूज ओके** साप्ताहिक पत्रिकाले आफ्नो प्रकाशन शुभारम्भ गरेकोमा पत्रिकाको निरन्तरताको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । साथै यस क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक महत्वका विषयलाई प्राथमिकताकासाथ उठान गर्न सकोस् ।

डा.शान्त कुमार शर्मा
अध्यक्ष
तथा
नेपाल–भारत मैत्री समाज
बेलहिया शाखा परिवार, रूपन्देही

हार्दिक बधाई तथा शुभकामना

भैरहवाबाट **न्यूज ओके** साप्ताहिक पत्रिकाले आफ्नो प्रकाशन शुभारम्भ गरेकोमा पत्रिकाको निरन्तरताको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । साथै यस क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक महत्वका विषयलाई प्राथमिकताकासाथ उठान गर्न सकोस् ।

रुपन्देही बाबा ईंट्टा उद्योग परिवार
दुर्गौलिया (गोनाहा), रुपन्देही

हार्दिक बधाई तथा शुभकामना

भैरहवाबाट **न्यूज ओके** साप्ताहिक पत्रिकाले आफ्नो प्रकाशन शुभारम्भ गरेकोमा पत्रिकाको निरन्तरताको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । साथै यस क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक महत्वका विषयलाई प्राथमिकताकासाथ उठान गर्न सकोस् ।

चन्द्रमोहन पटवा
प्रबन्ध निर्देशक
पटवा टेन्ट हाउस
लाइट हाउस
सिद्धार्थनगर, भैरहवा, रुपन्देही




न्यूज ओके राष्ट्रिय साप्ताहिकका लागि अध्यक्षः बिमल सेञ्चुरी, सम्पादक/प्रकाशकः मनोरञ्जन शर्मा, प्रधान कार्यालयः सिद्धार्थनगर नगरपालिका-१३, देवकोटा चोक, भैरहवा, फोनः ९८५७०६२३५२, इमेलः newsok52@gmail.com, URL: www.newsok.com.np